
जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com




वर्ष २६ • अंक ३०९ • २०८१ साल चैत २४ गते आइतबार (6 April, Sunday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## आज रामनवमी, सार्वजनिक विदा



**टुडे समाचारदाता**

जनकपुरधाम । रामनवमीको अवसरमा चैत २४ गते (आइतबार) सार्वजनिक विदा दिएको छ । गृह मन्त्रालयले राजपत्रमा सूचना प्रकाशित गरी विदा दिएको छ ।

तर यहाँ जानकी नवमीको अवसरमा भने सररकारले कुनै पनि किसिमको सार्वजनिक विदा नदिने गरेका छन् ।

गृह मन्त्रालयले जनाए अनुसार मन्त्रिपरिषद् बैठकले चैत २४ गते सार्वजनिक बिदा दिने निर्णय गरेपछि सोही अनुरूप राजपत्रमा सूचना प्रकाशित गरेको छ । सरकारले हरेक वर्ष रामनवमीको अवसरमा सार्वजनिक बिदा दिँदै आएको छ । यस वर्ष पनि सोही परम्परालाई निरन्तरता दिइएको छ ।

जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवले आफूहरुले जानकी नवमीको अवसरमा देशव्यापी रुपमा विदाको माग पटक पटक गरे पनि सरकारले बेवास्ता गर्दै आएको बताए ।

उनले भने, 'यहाँको सीता अर्थात जानकी रामकी धर्मपत्नी हुन् । जनकपुरधाम जानकीको माइती हो, तर सरकारले राम नवमीमा भने सार्वजनिक विदा दिने गरे पनि जानकी नवमीको अवसरमा विदा नदिनु दुःखद हो । हामीले अझै पनि सरकारसंग सार्वजनिक विदाको लागि आग्रह गर्दै आएका छौं ।'

रामनवमी भगवान् श्रीरामको जन्मोत्सवको रूपमा हिन्दू समुदायले विशेष रूपमा मनाइँदै आएको छ । यस दिन जनकपुरधामस्थित राम मन्दिर, जानकी मन्दिरलगायत देशभरका राम मन्दिरहरूमा विशेष पूजाआजा, भजनकीर्तन र झाँकीहरू आयोजना गरिन्छ । भक्तजनहरूले विभिन्न धार्मिक स्थलहरूमा भेला भइ श्रीरामको आराधना गर्छन् ।

जनकपुरधामको जानकी मन्दिरलगायत देशभरका मुख्य मन्दिरहरूमा श्रद्धालुहरूको ठूलो घुइँचो लाग्ने गर्छ ।

# एम्बुलेन्समा ड्रग्स सप्लाइ गर्ने चार भारतीय पक्राउ

## भारतबाट ड्रग्स र नेपालबाट गाँजाको तस्करी, प्रहरीलाई चुनौती

**टुडे समाचारदाता**

वीरगञ्ज । नेपाल प्रहरीले भारतीय एम्बुलेन्समा ठूलो परिमाणमा अवैध लागूऔषध ट्रामाडोल क्याप्सुल बरामद गरेको छ ।

पर्साको वीरगञ्ज नाका हुँदै भारतीय एम्बुलेन्समा लागूऔषधसहित चरेससहित ललितपुर जिल्लाको कान्ती लोकपथ सडक खण्डमा रहेको प्रहरी चौकी भट्टेडाँडाको चेकपोष्टमा खटिएको प्रहरी टोलीले चेकजाँच गर्दा ठूलो परिमाणमा अवैध लागुऔषध ट्रामाडोल क्याप्सुल बरामद भएको छ ।

भारतबाट नेपालमा लागूऔषधको तस्करी भारी मात्रामा हुने गरेको छ । सीमाक्षेत्रमा निगरानी बढाइए पनि नियन्त्रण प्रहरीका लागि चुनौती बनेको छ ।

वीरगञ्जदेखि मकवानपुर जिल्लाको प्रहरीलाई छल्दै भारतीय एम्बुलेन्सबाट लागूऔषध ललितपुरसम्म निर्वाध रुपमा पुगेको थियो ।

ललितपुर प्रहरीले जनाए अनुसार एक पत्तामा १० क्याप्सुल भएको ट्रामाडोल हाइड्रोक्लोराइड क्याप्सुल आइपी ट्रामाडोल लेखिएको ट्रामाडोल क्याप्सुल ५ हजार ४ सय पत्ता, एक पत्तामा १० क्याप्सुल भएको ट्रामाडोल हाइड्रोक्लोराइड क्याप्सुल आइपी ५० एमजी ट्रामन लेखिएको ट्रामाडोल क्याप्सुल ४ हजार ८ पत्ता गरी जम्मा ९ हजार ४ सय ८ पत्ता, क्याप्सुल थान ९४ हजार ८० बरामद भएको छ ।

पत्रकार सम्मेलनमा बिआर ०५ पिए ०४२१ नम्बर भएको भारतीय एम्बुलेन्स एक थान र मोबाइल ३ थान बरामद गरिएको जानकारी प्रहरी उपरीक्षक नरहरि रेग्मीले दिए ।

पक्राउ पर्नेमा भारत बिहार प्रान्त, पूर्वी चमपारण, मोतिहारी जिल्ला टुमरिया ग्राम पञ्चायत वार्ड नम्बर ५ स्थायी वतन भएका २० वर्षका समिर आलम, भारतकै मोतिहारी जिल्ला राजबजार नगर वडा नम्बर ३३ बताउने वर्ष ३३ का मोहम्मद मुन्ना अन्सारी, मोतिहारीको पलानवा ग्राम पञ्चायत वार्ड नम्बर ९ स्थायी बतन बताउने वर्ष ४५ का नोर्जान खातुन, मोतिहारी जिल्ला नगर वडा नम्बर ५ पछियाटोल स्थायी वतन भएका वर्ष २२ का मोहम्मद उमर सिद्धिकी (एम्बुलेन्स चालक) छन् ।

सवारीसाधन चेकजाँच गर्ने क्रममा वीरगञ्जबाट काठमाण्डुतर्फ तीब्र गतिमा गएको बिआर ०५ पीए ०४२१ नम्बर भएको भारतीय एम्बुलेन्समा चेकजाँच गर्दा लागुऔषध बरामद भएको जिल्ला प्रहरी परिसर ललितपुरले जनाएको छ ।



एम्बुलेन्स चालक भारतको बिहार प्रान्त पूर्वी चम्पारण मोतिहारी जिल्ला रक्सौल नगर वार्डनम्बर ५ पछियाटोल स्थायी वतन भएका वर्ष २२ का मोहम्मद उमर सिद्धिकी रहेका छन् ।

एम्बुलेन्सबाट बाहिर निस्किएर भाग्ने प्रयास गरेकाले उनलाई तत्काल नियन्त्रणमा लिइ एम्बुलेन्सको तलासी लिँदा लागूऔषध भेटिएको उनले बताए ।

एम्बुलेन्सको बिरामी राख्ने ठाउँमा कालोमा सेतो धर्का भएको र कालोमा हरियो धर्का भएको समेत गरी दुई वटा छुट्टाछुट्टै झोलामा अवैध लागूऔषध ट्रामाडोल क्याप्सुल लुकाइ छिपाइ ल्याएको अवस्थामा फेला पारिएको जनाइएको छ । एम्बुलेन्समा एक बालक र एक बालिकासहित ६ जना रहेको ललितपुर प्रहरीले जनाएको छ ।

भारतबाट दिनहुँ भारी मात्रामा तस्करी भएर लागुऔषध नेपाल आउने गरेको छ । लागूऔषधको तस्करी नियन्त्रण गर्न सुरक्षाकर्मीहरुका लागि चुनौती बनेकोछ । मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एसपी ठाकुर प्रसाद पोखरेलले सीमाक्षेत्रमा निगरानी बढाइएको बताएका छन् । 'भारतीय काउण्टरपार्टीसित निरन्तर समन्वय र सहकार्य भइरहेको छ ' उनले भने, तरपनि तस्करहरुले लागूऔषध ल्याएको नेपालमा बरामद भइरहेको छ ।

नेपालबाट गाँजा र मदिराको तस्करी भारत तर्फ बढेको छ । मधेश प्रदेशको आठवटै जिल्लामा अवैध गाँजा दिनहुँ प्रायःबरामद भइरहेको छ ।तर भारतीय सीमामा प्रवेश गर्ने बितिकै गाँजा गन्हाउने गरेको बताइन्छ ।

बिहारमा मदिरा निषेध गरिएपछि अहिले गाँजा सेवन गर्नेहरुको संख्यामा उल्लेख्य वृद्धि भएको छ ।

सीमावर्ती क्षेत्रदेखि राजधानी पटनासम्म गाँजा खुल्लेआम सेवन गरिन्छ । बिहारमा मदिरामाथि नियन्त्रण गरिए पनि गाँजाको सेवन र बिक्री निर्वाध भइरहेको छ ।

नेपाल र भारतका सीमावर्ती सुरक्षाकर्मीका लागि गाँजा, मदिरा र लागूऔषध नियन्त्रण ठूलो चुनौती बनेको छ । सुनचाँदी, लत्ताकपडा, सुपारी लगायत अन्य सयौँ वस्तुको नेपाल र भारतबीच तस्करी हुने गरेको छ ।






# गौरमा अवैध रकमसहित एकजना पक्राउ

**टुडे समाचारदाता**

रौतहट। रौतहटको सदरमुकाम गौर स्थित सशस्त्र प्रहरीको टोलीले नेपाली ५ लाख अबैध रुपैयाँ सहित एकजना भारतीय नागरिकलाई पक्राउ गरेको छ।

बिहार जिल्ला सितामढी बैरगनिया-१४ पटेल चोकका १८ वर्षिय मोहित कुमार पटेल रहेको सशस्त्र प्रहरी बल नम्बर ११ हेक्वा रौतहटका प्रमुख एसपी सन्तोष बस्नेतले बताएका छन्।



सीमावर्ती भारतीय बजार बैरगनिया बाट गौरतर्फ आउँदै गरेको भारतीय नम्बरको मोटरसाइकललाई सशस्त्र प्रहरीले चेकजाँचको क्रममा स्रोत नखुलेको ५ लाख नेपाली रुपैयाँ सहित एकजना भारतीय नागरिक पक्राउ गरेको छ।

रुपैयाँसहित पक्राउ पर्नेमा मोटरसाइकल चालक भारत

गौर नगरपालिका १ कानुपट्टी सीमा इलाकामा बिआर ०५ जे १३२७ नम्बरको मोटरसाईकल रुपैयाँ सहित शुक्रवार साँझ पक्राउ परेका भारतीय नागरिक पटेल लाई आवशयक कारवाहीको लागि जिल्ला भन्सार कार्यालय गौरमा बुझाईएको सशस्त्र प्रहरीको सूचनामा उल्लेख गरिएको छ।

# पानी उद्योगमा प्रयोगशाला छैन



**अजमल मिकरानी**

मलंगवा। सर्लाहीस्थित पानी उद्योगहरुमा प्रयोगशाला नहुँदा शुद्ध खानेपानीबाट उपभोक्ता वञ्चित रहँदै आएका छन्।

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयले जनाए अनुसार सर्लाहीमा सञ्चालित अधिकांस पानी उद्योगहरुमा प्रयोगशाला नभएको पाइएको छ।

तत्काल प्रयोगशाला सञ्चालनमा ल्याउन निर्देशन दिएको कार्यालयले जनाएको छ। 'हामीले जिल्लाका सबै पानी उत्पादन तथा प्रशोधन उद्योगको अनुगमन गर्‍यौं,' उनले भने, 'तत्काल प्रयोगशाला सञ्चालन गरेर प्रमाणसहित कार्यालयमा जानकारी दिन भनेका छौं।' कार्यालयले दिएको जानकारी अनुसार प्रयोगशाला नहुँदा उपभोक्ता अशुद्ध पानी पिउन बाध्य छन्। प्रशोधित पिउने पानी उत्पादन मापदण्ड सम्बन्धी निर्देशिका-२०७४ अनुसार प्रयोगशालाको व्यवस्था गर्नुपर्ने उल्लेख छ।

प्रयोगशाला नराखेको सन्दर्भमा प्रत्येक महिनामा एक पटक प्रशोधित तथा अप्रशोधित पानीको भौतिक तथा रसायनिक विश्लेषण मान्यता प्राप्त प्रयोगशालाबाट गराउनुपर्ने कुरा उल्लेख छ। तर, यसमा पानी उद्योगले ख्याल नगरेको उनको भनाइ छ। 'उद्योगहरुले 'आरो मेसिन'बाट पानी प्रशोधन गरेर सिधै बजार पठाउने गरेका छन्।

तर, उपकरणमा केही समस्या आएमा त्यो पानी शुद्ध छ कि छैन, भनेर प्रयोगशालामा मात्रै परीक्षण गरेर बजार पठाउनुपर्ने भए पनि त्यसो हुन सकेको छैन', जिल्लामा हाल ६ देखि ७ पानी उद्योग सञ्चालनमा छन्। अधिकांसमा प्रयोगशाला छैन। ती सबै उद्योगलाई प्रयोगशालाको व्यवस्था गर्न लिखित निर्देशन दिइएको कार्यालयले बताए पनि हाल सम्म सर्लाहीका पानी उधोगहरुले अटेरी गर्दै आएको छ।

# बलात्कारको घटना बढ्यो

**टुडे समाचारदाता**

जलेश्वर। महोत्तरीमा बलात्कारको घटनामा वृद्धि भएको छ।

केही दिन अघिको भएको एक बालिकामाथिको बलात्कार सेलाउन नपाउँदै फेरि एक बालिकामाथि सामूहिक बलात्कार भएको घटना सार्वजनिक भएको छ। यस अघि जलेश्वरमा बालिकामाथि बलात्कारको घटना सार्वजनिक भएको एक साता नबित्दै फेरि महोत्तरीको बलवा नगरपालिकामा बालिकामाथि सामूहिक बलात्कार भएको अर्को घटना बाहिरिएको छ।

पीडित बालिकाको बुवाले दुई जना युवकहरूले छोरीलाई बिहीबार राति अपहरण गरी बलात्कार गरेको जानकारी दिए। उनले आफू राति कामबाट घर फर्केको बेला दुई जना युवकहरूले एक बालिकालाई कपडाले मुख छोपेर घिसार्दै लगेको देखे पनि वास्ता नगरेको तर घर पुग्दा आफ्नी छोरीलाई नदेखेपछि खोज तलास गर्न निस्केको बताए।

नाबालिक छोरीमाथि अत्याचार गर्ने उपर आफूले कुटपिट गर्दा उसको खुट्टामा चोट लागेको र स्थानीय प्रहरीले छोरीमाथि बलात्कार गर्ने उपर कारबाही प्रक्रिया अघि नबढाएर



उल्टै आफूलाई दिनभर थुनेर राखेको गुनासो गरे।

यता जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता डीएसपी सन्तुलालप्रसाद जयसवारले बलात्कार घटनाबारे जानकारी आए लगतै टोली खटाई बालिकाको स्वास्थ चेकजाँच गराउन लगाएको बताए। उनले पीडित बालिकालाई प्रादेशिक अस्पताल जलेश्वर ल्याएर स्वास्थ्य जाँचलगायतको प्रक्रिया अघि बढाएको बताए। अहिले बालिका प्रहरीको संरक्षणमा सुरक्षित रहेको र आवश्यक सबै कानुनी प्रक्रिया भइरहेको उनले बताए।

डीएसपी जयसवारको अनुसार आरोपी मध्येको एक जना प्रहरीको निगरानीमा खुट्टाको उपचारमा रहेको र अर्को फरार रहेकाले उसको खोजी भइरहेको बताए। उनले आरोपीहरू दुबै जना नाबालक रहेको र घटनाबारे थप अनुसन्धान अघि बढाइएको बताए।

डीएसपी जयसवारले पीडितलाई नै स्थानीय प्रहरी चौकीले दिनभरी थुनेर राखेको भन्ने बारे तत्काल यसको सूक्ष्म अनुसन्धान गर्ने र प्रहरी दोषी देखिए विभागीय कारबाही गरिने बताए।

उनले चोट लागेका व्यक्ति बलात्कार आरोपी भएको बारे प्रहरीलाई थाहा नभएको हुन सक्ने भएकाले यी कुरा अनुसन्धानबाट खुल्ने बताए।

यसअघि एक साता अघि एक बालिकालाई बलात्कार गरेको आरोपमा जलेश्वर नगरपालिकाका १७ वर्षीय किशोरलाई प्रहरीले सोमबार पक्राउ गरी कानुनी प्रक्रिया अघि बढाएको उनले बताए।

# विशेषको फैसला विरुद्ध आयोग सर्वोच्चमा

काठमाण्डु। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसला उपर चित्त नबुझेको भन्दै विभिन्न दुई वटा मुद्दामा शुक्रबार सर्वोच्च अदालतमा पुनरावेदन गरेको छ।

आयोगले स्वास्थ्य उपकरण खरिद मूल्याङ्कन समितिका संयोजक तथा स्वास्थ्य निर्देशनालय धनकुटाका तत्कालीन निर्देशक चन्द्रदेव मेहता विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको थियो। सो मुद्दामा आयोगले रु दुई करोड ८९ लाख ६६ हजार ५० बराबरको बिगो दावी गरेको थियो। उक्त मुद्दामा विशेषले गत असार ३१ गते फैसला गरेको थियो।

त्यस्तै, आयोगले कटहरिया नगरपालिका रौतहटका नगरप्रमुख अजयप्रकाशसमेत विरुद्ध मुद्दा दायर गरेको थियो। जमुनिया बजारमा रहेको सामुदायिक भवनमा टायल्स फ्लोरिङको काममा फिल्डमा भए गरेको कार्यभन्दा बढी परीमाण देखाई भुक्तानी गरेको पाइएको थियो।

आयोगले रु १२ लाख ५२ हजार ९४१ बराबरको बिगो दावी गरेको थियो। विशेषले सो मुद्दामा गत असार ३१ गते फैसला गरेको थियो। उक्त मुद्दामा विशेषले गरेको फैसला कानुन सम्वत नभएको दावी गर्दै शुक्रबार पुनरावेदन गरेको आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिनुभयो।रासस

# एकीकृत समाजवादीले देशभर विरोध प्रदर्शन गर्ने




काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) ले तीनकुनेमा भएको प्रदर्शनका क्रममा आफ्नो पार्टीमा गरिएको तोडफोड तथा आगजनीको छानबिनको माग गर्दै यही चैत २५ गते देशभर विरोध प्रदर्शन एवं सभा गर्ने भएको छ।

पार्टीले घटनाको निष्पक्ष छानबिन गरी त्यसमा संलग्न दोषीलाई कानुनी कारबाहीका लागि दबाब दिने उद्देश्यले विरोध प्रदर्शन एवं सभा गर्न लागिएको हो। पार्टी मातहतका कमिटीले देशभरका पालिका, वडा तह, प्रदेश, क्षेत्रमा विरोध प्रदर्शनको कार्यक्रम रहेको केन्द्रीय प्रचार विभाग प्रमुख प्रकाश ज्वालाले जानकारी दिनुभयो।

उक्त घटनाबाट पार्टीमा पुगेको क्षति विवरण सङ्कलन गर्न केन्द्रीय उपमहासचिव रामकुमार भट्टराईको संयोजकत्वमा कार्यदल गठन गरिएको छ।

मुलुकको पछिल्लो विकसित राजनीतिक घटनाक्रम, अन्तरराष्ट्रिय परिस्थितिबारे जनतालाई सुसूचित गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षाका लागि मुलुकमा सुशासन, रोजगारी, समृद्धिलगायत विषयमा देशभर राजनीतिक सभा गर्ने कार्यसूची छ।

पार्टीले सङ्गठन सुदृढीकरणका लागि जनताको आर्थिक तथा सामाजिक न्यायको अवस्था अध्ययन गरी उनीहरुको गरिबी निवारण, सुशासन, जनजीविका केन्द्रित आन्दोलनका कार्यक्रम बनाएको छ। मुलुकमा राजनीतिक आडमा भएका विकृतिबारे भण्डाफोरको प्रस्ट पारिने छ। पार्टीका सम्बन्धित कमिटीले सरोकार पक्षसँग सार्वजनिक रूपमा छलफल गरी उनीहरुको सुझाव सल्लाह लिएर पार्टीले अवलम्बन गरेको समाजवादी कार्यक्रमलाई परिमार्जन गरिने जनाइएको छ।

राजनीतिक स्थिरताका लागि निर्वाचन प्रणालि सुधार गर्ने, जनताको आर्थिक तथा सामाजिक रुपान्तरणका लागि समाजवादी कार्यक्रम कार्यान्वयन गर्ने विषयमा जनस्तरबाट आएका सुझाव समावेश गरिनेछ।

पार्टीले यही चैत २ देखि आगामी वैशाख २२ गतेसम्म सञ्चालन गरेको अभियान जारी छ।रासस

# चिकित्सकले स्वास्थ्यमन्त्रीलाई बुझाए ज्ञापनपत्र

तानसेन। लुम्बिनी मेडिकल कलेज पाल्पामा अध्ययनरत आवासीय (रेसिडेन्ट) चिकित्सकले स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेललाई तीन बुँदे मागसहितको ज्ञापनपत्र बुझाएका छन्।

आठौं तहसरह मासिक पारिश्रमिक पाउनुपर्ने मागसहित उनीहरुले मन्त्री पौडेललाई ज्ञापनपत्र बुझाएका हुन्।

चिकित्सकहरुले निजी मेडिकल कलेजका एमडी, एमएस, एमडिएस आवासीय चिकित्सकको मासिक पारिश्रमिक (सरकारी आठौं तहसरह) भुक्तानी गरिनुपर्ने, एमडी, एमएस, एमडिएसको म्याचिङ प्रक्रिया सच्याउन माग गरेका छन्।

उनीहरुले आयोगद्वारा प्रवेश परीक्षा अगाडि प्रकाशित निजी मेडिकल कलेजका सिटसमेत समावेश गरी अघि बढाइनुपर्ने, त्यस्तो निर्णय नमान्ने निजी मेडिकल कलेजलाई एमबिबिएस, बिडिएस, एमडिएस, एमएस, एमडिएस, डिएम, एमसिएच कार्यक्रमको सम्बन्धन खारेज, बिमालगायत सरकारी अनुदानका सम्पूर्ण कार्यक्रम रद्द गर्नेलगायतका माग गरेका छन्।

यस्तै चिकित्सकहरुले स्नातकोत्तर कार्यक्रमलाई पूर्ण वैज्ञानिक बनाउन स्वास्थ्यकर्मीका लागि सुरक्षित कार्यस्थल सङ्घर्ष समितिसँग प्रतिबद्धता जनाइएबमोजिम छुट्टै नियामक अङ्गको व्यवस्थासहित कार्य समय, बिदा, पारिश्रमिक, परीक्षाको पारदर्शिता र निष्पक्षता सुनिश्चित गर्ने व्यवस्था, विश्वविद्यालय र मेडिकल कलेज प्रशासनको आचरण र व्यवहार, अध्यापक जनशक्तिहरुको आचरण र व्यवहारलगायत विषय समेटी स्नातकोत्तर कार्यक्रम सञ्चालन कार्यविधि निर्माण गर्ने ड्राफ्टिङ कमिटी बनाइनुपर्ने माग मन्त्रीसमक्ष राखेका छन्।



आफ्ना मागहरु पूरा नहुँदासम्म काममा नजाने निर्णय गरिएको एलएमसीका डा दीपक कँडेलले बताउनुभयो।

उहाँले भन्नुभयो, "हाम्रा माग सम्बोधन नहुञ्जेलसम्म आफूले प्रदान गर्दै आएका सेवाहरु बहिष्कार गर्नेछौं।"

चिकित्सकले काम बहिष्कार गर्दा सेवा प्रभावित भएको अस्पतालले जनाएको छ।

ज्ञापनपत्र बुझ्दै मन्त्री पौडेलले आवासीय चिकित्सकका धेरै माग सम्बोधन भइसकेको र केही मागहरु तत्काल सम्बोधन गरिने विश्वास दिलाउनुभयो। उहाँले सरकारले गरेका निर्णय कार्यान्वयन गर्न सम्बन्धित निजी मेडिकललाई आग्रह गरिसकेको बताउनुभयो।रासस

# चुरे तथा वनजंगल संरक्षणको धर्ना कार्यक्रम स्थगित

**टुडे समाचारदाता**

जनकपुरधाम। चुरे तथा वनजंगल संरक्षण अभियानको धर्ना कार्यक्रम स्थगित गरिएको छ।

चुरे तथा वनजंगल संरक्षण अभियान नेपालले काठमाण्डुस्थित माइतीघरमा चैत २४ गतेदेखि शुरु गर्ने भनिएको अनिश्चितकालीन धर्ना कार्यक्रम स्थगित गरेको छ।

अभियानले शनिबार एक विज्ञप्ति जारी गर्दै, देशको वर्तमान राजनीतिक स्थिति र विभिन्न चाडपर्वको कारण चुरे वनजंगल संरक्षण, संवर्द्धन, वन डढेलो नियन्त्रण, खुल्ला चरिचरणको नियन्त्रण, र अवैध क्रसर उद्योगको विरोधमा अनिश्चितकालीन धर्ना कार्यक्रम तत्कालका लागि स्थगित




गर्नुपर्ने निर्णय गरेको जनाएको छ। यसको सट्टा, अभियानले चैत २७ र २८ गते दुई दिने विरोध कार्यक्रम आयोजना गर्ने निर्णय गरेको छ।

सो अभियानले चुरे क्षेत्रसंग सम्बन्धित नेपालका विभिन्न जिल्लामा पदयात्रा गर्दै जनजागरण अभियान सम्पन्न गरिएको अभियानका राष्ट्रिय संयोजक सुनिल कुमार यादवले जानकारी दिए।

# रुपान्तरणका लागि कृषि क्रान्ति र भूमि सुधार आवश्यक: खनाल

काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सम्मानित नेता झलनाथ खनालले मुलुकको आर्थिक तथा सामाजिक रुपान्तरणका लागि कृषि क्रान्तिका कार्यक्रमसहित भूमि सुधार गर्नुपर्ने बताउनुभएको छ। काँडाघरीस्थित किन्डल किड्स एकेडेमीको अभिभावक दिवसका अवसरमा शनिबार यहाँ आयोजित कार्यक्रममा उहाँले मुलुकलाई आत्मनिर्भर बनाउने गरी भूमि सुधार गर्न कृषि क्षेत्रमा आधुनिकीकरण गर्नुपर्नेमा जोड दिनुभयो।

सरकारले किसानले उत्पादन गरेका वस्तुको बजारीकरणको व्यवस्था गर्नुपर्नेमा जोड दिँदै पूर्वप्रधानमन्त्री खनालले स्थानीयदेखि अन्तरराष्ट्रिय बजारबीच समन्वय गर्ने काम पनि राज्यले नै गर्नुपर्ने बताउनुभयो। उहाँले देशमा संविधान जारी भएपछि वामपन्थी शक्तिलाई सामाजिक तथा आर्थिक विकासको जनआकांक्षालाई पूरा गर्ने जिम्मेवारी र अवसर प्राप्त भए पनि त्यो पूरा गर्न नसकिएको धारणा राख्नुभयो। विगतदेखि नै सरकार यथास्थितिवादको बाटोमा हिडिरहेकाले पुनरुत्थानवादी जुर्मुराएको जिकिर गर्दै सम्मानित नेता खनालले आफ्नो पार्टीले मुलुकमा राष्ट्रिय औद्योगिकरणका लागि आवाज उठाए पनि सरकारले त्यसतर्फ केही नगरेको आरोप लगाउनुभयो।रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : खानपानमा विशेष ध्यान दिनुपर्नेछ।
वृष : सानो कुराले व्यवहारमा झनझट बढ्नेछ।
मिथुन : तपाईका कारणले साथीभाइ टाढा हुन सक्छन्।
कर्कट : हरेक क्षेत्रमा बाधा हुनसक्छ।
सिंह : दिन सहज छ। आफन्तले भन्दा साथीभाइले दुःखमा साथ दिनेछन्।
कन्या : अचानक खर्च बढ्नेछ। प्रेम सम्बन्ध सुमधुर बन्नेछ।
तुला : स्वदेशमा भन्दा विदेशमा तपाईको नाम र दाम रहनेछ।
वृश्चिक : बोलीको प्रभावले राम्रो काम बन्नेछ।
धनु : एकल निर्णय भन्दा साथीभाइको सहयोगले अगाडि बढ्नुपर्ने दिन छ।
मकर : परिवारसँगको सम्बन्ध सुमधुर बन्ने योग छ।
कुम्भः परिवार र साथीभाइको साथ र सहयोग प्राप्त हुनेछ।
मीन : अनुत्पादक क्षेत्रमा धन खर्च हुनसक्छ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

रत्न सागर मन्दिर
प्रत्येक दिन

बिहान ढोका खुल्ने समय : ५:०० बजे
बिहान पूजा आरती : ८:०० बजे
भोगराज लाग्ने समय : ११:३० बजे
निशुल्क अन्न क्षेत्र (दिउँसो) : १२:०० बजे
मन्दिर बन्द हुने समय : १२:०० बजे
खुल्ने समय (दिउँसो) : ४००: बजे
रात्री आरती पूजा हुने समय : ९:३० बजे
रात्री मन्दिर बन्द हुने समय : १०:०० बजे

जानकी मन्दिर
प्रत्येक दिन

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
बिहान पूजा आरती : ०७:०० बजे
बिहान ढोका बन्द : १२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय : ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझ : ०७:३० बजे

राम मन्दिर
प्रत्येक दिन

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
मंगल आरती : ०७:३० बजे
महाप्रसाद भोग : १२:०० बजे
दिउँसो ढोका खुल्ने समय : ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ : ०७:०० बजे
रात्रि भोग : ०९:०० बजे
पट बन्द : ०९:१५ बजे



महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका-३ स्थित भारतसँग जोडिएको मुख्य भन्सार नाका भिट्ठामोडमा मुगल शैलीमा निर्माण गरिएको प्रवेशद्वार । भारतबाट जनकपुर पुग्ने अधिकांश तिर्थालु यसै नाकाबाट प्रवेश गर्ने गरेका छन् । *तस्बिरः रासस*

# गहवामाईको डोली यात्रा सम्पन्न

वीरगञ्ज । गहवामाईको निशानसहितको डोली यात्रा हजारौं दशनार्थीको सहभागितामा सम्पन्न भएको छ । वीरगञ्ज महानगर र आसपासका दर्शनार्थीको उपस्थितिमा शनिबार चैते दसैंको अवसरमा डोली यात्रा निकालिएको हो ।

गहवामाईको धार्मिक अनुष्ठान पूरा गरेपछि माईस्थान सञ्चालन समितिका अध्यक्ष नरेन्द्रकुमार साहलगायत विशिष्ट व्यक्तिको उपस्थितिमा धार्मिक परम्पराअनुसार मन्दिरभित्रबाट डोली यात्रा प्रारम्भ गरिएको थियो ।

मन्दिरका मूल पुरोहित राधेश्यामप्रसाद उपाध्यायले डोली तथानिशानपूजाकोसम्पूर्णधार्मिक परम्पराअनुसारको अनुष्ठान पूरा गरेपछि डोली यात्रा निकालिएको बताउनुभयो । "गहवामाईको हिन्दू धार्मिकपरम्पराअनुसारकोपूजापाठ सुरुआत गर्‍यौं । पूजापाठसहित सबै प्रक्रिया पूरा गरेपछि मन्दिर प्राङ्गणबाट डोली यात्रा निकालिएको हो", उहाँले भन्नुभयो । डोली यात्रा गहवामाई मन्दिर प्राङ्गणबाट सुरु भई वीरगञ्जको रोड नं २ हुँदै विर्तामाई मन्दिर, अलखिया मठ, महावीर मन्दिर, घण्टाघर हुँदै गहवामाई मन्दिर प्राङ्गणमा आएर समापन भएको थियो ।रासस



# चीनसँगको व्यापार घाटा घटाउनुपर्नेमा मन्त्री भण्डारीको जोड

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले चीनसँगको व्यापारमा नेपालको ठूलो व्यापार घाटा रहेकाले घटाउनुपर्नेमा जोड दिनुभएको छ ।

नेपाल हिमालय सीमापार वाणिज्य सङ्घको २५औँ वार्षिक साधारणसभा तथा रजत जयन्ती समारोहलाई सम्बोधन गर्दै उहाँले यसलाई कम गर्न नेपाली उत्पादनको निर्यात बढाउनु अत्यावश्यक रहेको र जडीबुटी, हस्तकला, कृषि उत्पादन, तयारी पोसाक जस्ता क्षेत्रमा विशेष जोड दिनुपर्ने बताउनुभयो ।

"नेपाली उत्पादनहरूको प्रवर्द्धनमा सङ्घले अग्रणी भूमिका खेल्न सक्छ, नेपाली वस्तु तथा सेवाको विविधीकरण, गुणस्तर सुधार र 'ब्रान्डिङ'मा जोड दिनुपर्छ, चिनियाँ बजारमा नेपाली उत्पादनको पहुँच बढाउन सरकारका तर्फबाट विभिन्न व्यापार मेला तथा प्रदर्शनीमा सहभागितालाई प्रोत्साहन गरिँदैछ, चीनसँगको व्यापारमा नेपाली व्यवसायीलाई सहजीकरण गर्न विदेशी विनिमय नीतिमा केही लचकता ल्याइएको छ, चिनियाँ भाषा, व्यापारिक संस्कृति र प्रक्रियाबारे जानकारी दिन विभिन्न तालिम कार्यक्रम सञ्चालन गरिएका छन्", उहाँले भन्नुभयो ।



मन्त्री भण्डारीले नेपाल सरकारले नेपाल-चीन व्यापारलाई सहज बनाउन तातोपानी र रसुवागढी नाकाको स्तरोन्नति तथा पूर्वाधार विकासका लागि बजेट विनियोजन गरेको, चीनसँगको व्यापारलाई सहज बनाउन 'नेपाल-चीन व्यापार सहजीकरण समिति' गठन गरेको, सीमापार व्यापारलाई सहज बनाउन विद्युतीय भुक्तानी प्रणालीलाई प्रोत्साहन गरेको, रसुवागढी-केरुङ नाकामा सुक्खा बन्दरगाह निर्माणको कार्य अघि बढाएको, 'एक स्टेसन, एक उत्पादन' कार्यक्रममार्फत स्थानीय उत्पादनलाई प्रोत्साहन गरेको र नेपाली उत्पादनहरूको गुणस्तर सुधारका लागि प्राविधिक सहयोग प्रदान गरेको जानकारी दिनुभयो ।

यस्तै उहाँले कोरला, हिल्सा, किमाथाङ्का, ओलाङचुङगोला जस्ता नाकाको विकासका लागि पनि सरकारले कार्ययोजना तयार पारेको बताउनुभयो । उहाँले भन्नुभयो, "सरकार सधैँ निजी क्षेत्रको साथमा छ र हामी मिलेर नेपालको व्यापार क्षेत्रलाई नयाँ उचाइमा पुर्‍याउन सक्छौँ भन्ने विश्वास राख्दछु, चीनसँगको व्यापारलाई सन्तुलित, दिगो र पारस्परिक लाभदायक बनाउन सरकारी र निजी क्षेत्रको सहकार्य अपरिहार्य छ ।"मन्त्री भण्डारीले सङ्घले स्थापनाकालदेखि वर्तमानसम्मको यात्रा तय गरेर यहाँसम्म आइपुग्दा नेपाल-चीन द्विपक्षीय व्यापार अभिवृद्धि, जनसमुदायबीचको सम्बन्ध सुदृढीकरण तथा औद्योगिक सम्बन्ध प्रवर्द्धनमा अतुलनीय योगदान प्रदान गर्दै आएको बताउनुभयो ।

सरकारी निकायसँगको समन्वयमा वाणिज्य कूटनीतिलाई बढावा दिन सङ्घले महत्वपूर्ण भूमिका खेल्न सक्ने मन्त्री भण्डारीको भनाइ थियो । चीनका विभिन्न प्रान्त र सहरमा नेपाली उत्पादनको पहुँच बढाउन व्यापारिक 'मिसन', प्रदर्शनी र सांस्कृतिक आदानप्रदानका कार्यक्रम आयोजना गर्न सकिने उहाँले बताउनुभयो ।

उहाँले सरकारलाई व्यापारसम्बन्धी नीति निर्माणमा व्यावहारिक सुझाव दिन सङ्घले निरन्तर रूपमा अध्ययन, अनुसन्धान र छलफल गर्नुपर्नेमा जोड दिनुभयो । मन्त्री भण्डारीले भन्नुभयो, "चिनियाँ व्यापारिक सङ्घसंस्थासँग समन्वय र सहकार्य बढाउनुपर्छ, चिनियाँ लगानीकर्तालाई नेपालमा लगानी गर्न आकर्षित गर्न पनि सङ्घले महत्वपूर्ण भूमिका खेल्न सक्छ ।"रासस

# बुद्ध दर्शनको प्रचारप्रसार र लुम्बिनीको पर्यटन प्रवर्द्धनमा थाई सरकारको योगदान

लुम्बिनी । बुद्ध जन्मस्थल लुम्बिनीमा थाई सरकार र थाई समुदायले बुद्धधर्म र दर्शनको प्रचारप्रसार तथा लुम्बिनीको पर्यटन प्रवर्द्धनका लागि विभिन्न गतिविधिमार्फत योगदान पुर्‍याउँदै आएको छ । बुद्ध जन्मस्थल लुम्बिनीमा थाई सरकारका तर्फबाट धार्मिक, सामाजिक, सांस्कृतिक र पर्यटकीय प्रवर्द्धनमा महत्वपूर्ण योगदान हुँदै आएको छ । यसले नेपाल र थाइल्याण्डबीचको बौद्ध धर्म एवं दर्शनले जोडेको हजारौँ वर्षदेखिको सांस्कृतिक सम्बन्धलाई थप मजबुत बनाउने काम गरेको छ ।

थाई सरकारका तर्फबाट लुम्बिनीस्थित थाई विहारमार्फत लुम्बिनीको सांस्कृतिक, धार्मिक र पर्यटन प्रवर्द्धनसँगै शिक्षा, स्वास्थ्य र सामाजिक क्षेत्रमा काम गर्दै आएको छ ।यसअन्तर्गत भूकम्पले क्षति पुर्‍याएका विद्यालयका भवन निर्माण, भूकम्पपीडितका लागि सहयोग, विद्यालयमा शैक्षिक सामग्री वितरण, छात्रवृत्ति वितरण, स्वास्थ्य शिविर सञ्चालनजस्ता गतिविधि सञ्चालन गर्दै आएको थाई बौद्ध विहारको वार्षिक प्रगति प्रतिवेदनमा उल्लेख गरिएको छ ।

बुद्ध धर्मको प्रचारप्रसारका लागि थाई सरकारको सहयोगमा लुम्बिनीमा रोयल थाई मन्दिर(विहार) निर्माण गरिएको छ । जुन थाई वास्तुकलाको उत्कृष्ट नमुना हो । यस मन्दिरको उद्घाटन सन् २०१७ मा थाई राजकुमारी महा चक्री सिरिन्धोर्नद्वारा गरिएको थियो । यससँगै बुद्ध जन्मस्थल लुम्बिनीको विकासमा औपचारिक रुपमा थाई सरकारको सहभागिता प्रारम्भ भएको मानिन्छ ।लुम्बिनी थाई बौद्ध विहार एउटा सुन्दर र शान्त बौद्ध विहार विशेषगरी थाई शैलीको वास्तुकलामा बनेको छ। लुम्बिनीमा रहेका सबै अन्तरराष्ट्रिय विहारमध्ये सबैभन्दा आकर्षक र कलात्मक शैलीको मन्दिरमध्ये एक हो ।



लुम्बिनीमा निर्माण गरिएको कलात्मक यो गुम्बा निर्माणसँगै यहाँ हरेक वर्ष थाई बौद्ध भिक्षुहरू र तीर्थयात्री पर्यटकको आगमन हुने गरेको छ । थाई नागरिकका लागि बुद्ध जन्मस्थल धार्मिक आस्थाको प्रमुख केन्द्र बनेको छ । यसैले लुम्बिनी थाई पर्यटक र तीर्थयात्री दुवैका लागि महत्वपूर्ण गन्तव्य मानिन्छ । यहाँ हरेक वर्ष थाई सहयोगमा तीनमहिने वर्षावास कार्यक्रम, प्रवज्या गर्ने कार्यका लागि र मायादेवी मन्दिर परिसरमा त्रिपिटक वाचनका कार्यक्रम सञ्चालन हुँदै आएका छन् ।

सन् २०२४ सेप्टेम्बरमा, थाइल्याण्डका १७ भिक्षुहरूले लुम्बिनीमा तीनमहिने वर्षावास (वर्षा यामको व्रत) बस्दै ध्यान र प्रवचनमा समय बिताएका थिए । लुम्बिनीको धार्मिक, सांस्कृतिक, पर्यटकीय प्रवर्द्धनमा थाई सरकारका तर्फबाट महत्वपूर्ण योगदान हुँदै आएको सदस्य सचिव सानुराजा शाक्य बताउनुहुन्छ। यसले नेपाल र थाइल्याण्डबीचको सांस्कृतिक सम्बन्धलाई थप मजबुत बनाएको छ। थाई सरकारको आर्थिक र प्राविधिक सहयोगमा शिक्षा, स्वास्थ्य तथा सम्पर्क सुधारका परियोजनाहरू समावेश छन् ।

यसैअन्तर्गत थाई सरकारका तर्फबाट गत वर्ष सन् २०२३ जुलाइमा, थाई चिकित्सा टोलीले लुम्बिनीमा स्थानीयका लागि निःशुल्क घुँडा शल्यक्रिया कार्यक्रम सञ्चालन गरी ३२ बिरामीलाई सेवा प्रदान गरेको थियो । यससँगै काठमाडौँस्थित तिलगङ्गा आँखा अस्पतालको सहयोगमा लुम्बिनीमा आँखा शिविर सञ्चालन गर्दै आएको छ। थाई समुदायले लुम्बिनीस्थित मेट्टा गुरुकूल स्कुलको भवन निर्माणका लागि आर्थिक सहयोग प्रदान गरेको छ । त्यसले स्थानीय बालबालिकालाई गुणस्तरीय शिक्षा प्राप्त गर्न मद्दत पुर्‍याएको छ । यससँगै लुम्बिनी क्षेत्रका विभिन्न विद्यालयमा थाई बौद्ध विहारले विभिन्न किसिमले सहयोग प्रदान गर्दै आएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीको थाइल्याण्डको औपचारिक भ्रमणका क्रममा तीन दिनअघि भएका विभिन्न सम्झौतामध्ये कृषि र पर्यटन क्षेत्रका सम्झौता लुम्बिनी क्षेत्रलाई समावेश गरिएको छ । लुम्बिनी विकास कोषका सदस्य सचिव शाक्य थाइल्याण्ड सरकारका तर्फबाट पहिलेदेखि नै लुम्बिनी क्षेत्रमा कृषिमा लगानी गर्ने प्रस्ताव आएको र अहिले प्रधानमन्त्रीको भ्रमणका क्रममा भएका सम्झौताले अब उनीहरुको कार्यक्रम आउने सम्भावना रहेको बताउनुहुन्छ ।

यससँगै बौद्ध पर्यटन प्रवर्द्धनमा सहकार्य गर्ने समझदारीअनुरुप लुम्बिनी पर्यटन प्रवर्द्धनमा थाई सरकारको लगानी बढाउने अपेक्षा गरिएको सदस्य सचिव शाक्यले बताउनुभयो ।सन् २०२५ को फेब्रुअरी महिनामा च हजार ६२० थाई पर्यटक बुद्ध जन्मस्थल लुम्बिनी आएका छन् । गत महिना लुम्बिनी आएका तेस्रो मुलुकका पर्यटकमध्ये सबैभन्दा बढी थाई पर्यटक हुन् ।

गत महिना लुम्बिनीमा विभिन्न धार्मिक गतिविधि भएकाले पनि विभिन्न बुद्धिष्ट मुलुकबाट आउने पर्यटकको सङ्ख्या बढेको हो । धार्मिक कार्यक्रमका कारण पनि थाइल्याण्डबाट आएका भिक्षुहरुको चहलपहल बढेको हो । लुम्बिनी विकास कोषका सूचना अधिकारी राजन बस्नेतले गत फागुन १६ गतेदेखि एक हजार २०० नेपालीलाई प्रवज्या गर्ने कार्यका लागि र मायादवी मन्दिर परिसरमा त्रिपिटक वाचन कार्यक्रमका लागि थाइल्याण्डबाट बुद्ध धर्मावलम्बी आएका हुन् । एक महिनासम्म चलेको यी धार्मिक कार्यका लागि आर्थिक सहयोग थाइल्याण्डबाटै भएको थियो ।

लुम्बिनी भ्रमणमा आएका तेस्रो मुलुकका पर्यटकमध्ये थाइल्याण्डबाट आउने पर्यटकको सङ्ख्या दोस्रो स्थानमा रहेको छ । सन् २०२४ को फेब्रुअरीमा तीन हजार ९८१ थाई पर्यटक लुम्बिनी आएका थिए । सन् २०२३ को फेब्रुअरीमा तीन हजार ३६७ र कोभिडअघि सन् २०१९ मा छ हजार २०८ थाई पर्यटक लुम्बिनी आएका थिए ।रासस

# अभिनेत्री नोरा फतेही नेपाल आउँदै

काठमाण्डु । भारतीय अभिनेत्री तथा नृत्याङ्गना नोरा फतेही नेपाल आउनुहुने भएको छ ।

शिक्षाबाट वञ्चित बालबालिकाको क्षेत्रमा काम गर्दै आएको सामाजिक संस्था 'ह्युमन रेस्पेक्ट नेपाल'को सहयोगार्थ आयोजना हुने च्यारिटी कार्यक्रमका लागि अभिनेत्री फतेही नेपाल आउन लाग्नुभएको आयोजक वर्ल्डवाइड फिल्मस् नेटवर्क प्रालिका अध्यक्ष देव मगरले बताउनुभयो। उहाँले भन्नुभयो, "मनोरञ्जनमार्फत सामाजिक कार्यलाई सहयोग गर्ने उद्देश्यले हामीले यो कार्यक्रम गर्न लागेका हौँ, नेपालमा अभिनेत्री फतेहीको माग देखेर हामीले कार्यक्रमका लागि गरेको अनुरोधमा उहाँ सहमत हुनुभएको हो ।"

उहाँले आगामी वर्ष विसं २०८२ को ३ जेठमा बौद्धस्थित हायातको चौरमा 'नोरा फतेही लाइभ इन नेपाल' शीर्षकमा कार्यक्रम आयोजना हुने बताउनुभयो । नेपाल आउन र नेपालीलाई भेट्न आफू उत्साहित रहेको अभिनेत्री फतेहीले बताउनुभएको छ ।

उहाँले एक श्रव्यदृश्य सन्देशमार्फत आफू पहिलो पटक नेपाल आउने र यहाँबाट अहिलेसम्म प्राप्त गरिरहेको मायाका लागि धन्यवाद व्यक्त गर्दै आफ्नो प्रस्तुति दिने बताउनुभएको छ ।

"म काठमाडौँ आउन उत्साहित छु, यो मेरो पहिलो भ्रमण हुनेछ, सामाजिक कार्यका यो कार्यक्रमलाई सफल बनाउन सबैलाई आग्रह गर्दछु", अभिनेत्री फतेहीले श्रव्यदृश्यमा भन्नुभएको छ । इभेन्टको व्यवस्थापन मनु मिडिया प्रालिले गर्नेछ ।

कार्यक्रमका लागि भारतको मुम्बईबाट अभिनेत्री फतेहीसहित २० बढी नृत्याङ्गना प्रस्तुति दिन नेपाल आउने आयोजकले जनाइएको छ । अभिनेत्री फतेहीको 'दिलबर दिलबर', 'कुसु कुसु', 'ओ साकी साकी', 'नाच मेरी रानी', 'स्नेक डान्स' लगायतका गीत भारतसँगै नेपालमा पनि लोकप्रिय छन् ।रासस

# जाजरकोट भूकम्पमा आठजना घाइते

काठमाण्डु । जाजरकोटको कुसे गाउँपालिका-९ पैङ्कमा केन्द्रविन्दु बनाएर गएराति गएको ५.२ म्याग्निच्युड र ५.५ म्याग्निच्युडका दुईवटा भूकम्पमा परी आठजना घाइते भएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले अहिलेसम्म सम्बन्धित जिल्ला प्रशासन कार्यालय तथा राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रबाट प्राप्त विवरणअनुसार भूकम्पमा परी रुकुमपश्चिममा दुई र जाजरकोटमा ६ जना घाइते भएको जनाएको छ ।


प्राधिकरणका प्रवक्ता रामबहादुर केसीले जाजरकोट, रुकुमपश्चिम र कालीकोट जिल्लाका केही निजी आवास तथा सरकारी भवनहरुमा सामान्य चिरा परेको एवं भवनहरु चर्किएको विवरण जनाएको छ ।



अधिकांश व्यक्तिहरु बसिरहेका भवन संरचना भत्किएरभन्दा पनि भूकम्प आएको बेला आत्तिएर घरको छत वा अग्लो भागबाट हामफाल्दा, असावधानीपूर्वक घरबाहिर अत्तालिएर भाग्न खोज्दा घाइते भएका पनि प्राधिकरणले जनाएको छ ।

प्राधिकरणले शनिबार जारी गरेको सूचनामा भनिएको छ, "भूकम्प गएको बेला वरपरको स्थिति समेत विचार गर्दै सावधानीपूर्वक सुरक्षित स्थानमा जान, अब उप्रान्त भवन संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधी हुने गरी बनाउन एवं भूकम्पीय सुरक्षाको दृष्टिकोणबाट पालना गर्नुपर्ने नियमहरुको अनुशासनपूर्वक पालना गर्न सबैमा प्राधिकरण विशेष अनुरोध गर्दछ ।"रासस





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# मोर्चा गठन सकारात्मक

नेपालको राजनीतिमा गठबन्धन अनिवार्य हुन थालेको छ। विगतको जस्तो कुनै एउटै दलको बहुमत संसदमा प्राप्त हुने सम्भावना नरहेपछि दलहरु चुनाव अगावै गठबन्धन गर्न थालेका छन्। सबैभन्दा अनौठो गठबन्धन त देशको दुई ठूला पार्टी नेपाली कांग्रेस र नेकपा एमालेबीच भएको छ। दुवै दल वैचारिक रुपमा बिल्कुल फरक हो। दुवै दलका अध्यक्षका सोच र व्यवहार पनि बिल्कुल फरक छ। तर परिस्थितिवस दुबै दल मिलेर सरकार चलाइरहेको छ। नेपाली कांग्रेस र नेकपा एमाले मिलेर सरकार बनाउनुको कतिपय कारणहरु छन्। त्यस मध्येको एउटा प्रमुख कारण नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डको सत्तालोलुप्ता र अहंकार पनि हो। प्रचण्डले दम्भ नदेखाएको भए उनी नै प्रधानमन्त्री रहने थिए। तर उनमा देखिएको अहंकारले दुई फरक विचारधाराका ठुला दलहरु सत्ता गठबन्धन गर्न पुगे। पछिल्लो पटक मधेशका सात राजनीति दलहरुले लुज मोर्चाको अवधारणामा संघीय लोकतान्त्रिक मोर्चाको गठन गरेको छ। यो आवश्यक थियो। दलहरुले गठन गरेको मोर्चा सकारात्मक छ। मोर्चाको विभिन्न २६ वटा उदेश्य राखिएको छ। त्यो सबै तराई मधेश केन्द्रित रहेको छ। संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत र सुदृढ बनाउन मोर्चाले संघीय सरकारमाथि दबाब बनाउने छ। यथार्थमा मोर्चाको गठन पनि तराई मधेशसित सरकारले गरिरहेको विभेद हटाउन दबाब दिन नै भएको हो। सरकारले विगतमा गरेका कयौँ सम्झौता र सहमतिहरुलाई कार्यान्वयन गरेको छैन। त्रुटिपूर्ण संविधानले प्रदेशलाई दिएको अधिकार समेत संघीय सरकारले हस्तान्तरण गरेको छैन। शासन र प्रशासन बिनाको प्रदेश सरकारको भूमिका प्रभावकारी हुन सकेको छैन। त्यसका लागि पनि मोर्चाले पहल गर्नेछ। संघीय निजामती कानुन, झुठा मुद्दा लगाइएका मधेशी नेताहरुको मुद्दा फिर्ता, जनसंख्याको आधारमा प्रदेशको सीमांकन, राजस्व संकलन हुने अनुपातमा बजेटको बाडफाँट लगायतका विषयमा मोर्चाले संघीय सरकारमाथि दबाब दिनेछ। मोर्चामा आवद्ध मधेशी दलहरुको केही विषय बाहेक मतान्तर छैन। तराई मधेशको समस्यालाई सबै दलहरुले उठाउँदै आएका छन्। पछिल्लो पटक संघीय सरकारले ल्याएको भूमिसम्बन्धी अध्यादेशलाई निस्क्रिय बनाउन मधेशका सबै दलहरुले भूमिका निर्वाह गरेको थियो। त्यसका लागि मधेशी दलहरुबीच कुनै बैठक समेत भएन। तर समग्रमा मधेशको हित विपरित रहेको सो अध्यादेशलाई रोक्न सबै मधेशी दलहरु एकजुट भए। अहिले गठन भएको मोर्चाले अझ बढी ताकत प्रदान गर्नेछ। एकअर्कालाई होच्याउने भन्दा सहयोग गरेर साझा मुद्दामा एकजुट हुन आवश्यक छ। मोर्चाको गठन सकारात्मक रहेकाले त्यसलाई सशक्त बनाउँदै आगामी दिनमा समेत कायम राख्नु पर्छ।

# मुलुक भिडन्तमा होमिने खतरा



**प्रभाषचन्द्र झा**
**वरिष्ठ पत्रकार**

मुलुक भिडन्तको चक्रब्यूँहमा फस्ने त होइन् भन्ने सर्वत्र चर्चाको विषय बनेको छ। राजावादी पक्षधरले गणतान्त्रिक व्यवस्थाविरुद्ध सडक आन्दोलनलाई निरन्तरता दिइ रह्यो र अर्कोतर्फ सोको प्रतिउत्तरमा गणतन्त्रवादी पक्षधर सडकमा उत्रिए भने दुवै पक्षबीच मूठभेडको खतरा निम्त्ने सम्भावनालाई नकार्न सकिँदैन्।

मुलुकमा पुनः राजतन्त्रमा फर्काउन उद्देश्य राखेर चैत १५ गते राजावादी पक्षधरको काठमाडौंको तीनपैनीमा आयोजित प्रदर्शनसहित शान्तिपूर्ण सभा हेर्दाहेर्दै रणभूमिमा परिणत भयो। एक पत्रकारसहित दुई जनाको मृत्यु भयो। दुई महिलासहित २० जना गोली लागेर घाइते भएका छन्। केन्द्रीय प्रहरी प्रवक्ता दिनेश आचार्यले गत, बुधवार पत्रकारबीच सो घटनासम्बन्धी जानकारी गराउँदै प्रहरीले स्थितिलाई नियन्त्रणमा लिनका लागि ७४६ राउण्ड अश्रुग्यास र ५८ राउण्ड राउण्ड गोली प्रहार गरेका थिए। यसले स्पष्ट रुपमा बुझिन्छ कि तीनपैनी लगायतका क्षेत्र भिडन्त विकराल रुप धारण गरिसकेको थियो। सुरक्षाकर्मीको बढी बल प्रयोग गरेको चर्चामा पनि उठेको छ।

अर्कोतर्फ, प्रदर्शनकारीहरु तोडफोड, ढुङ्गा प्रहार र आगजनीमा उत्रेर हिंसात्मक गतिविधि गर्न थालिएको थियो। यस्तो अवस्था किन उत्पन्न भयो ? यस विषयमा सुक्ष्म रुपमा अनुसन्धान हुनु आवश्यक छ। उक्त घटनामा दुई जनाको मृत्युका साथै करौंडो मूल्य बरावरको क्षति भएको देखिन्छ। यस प्रकारका तोडफोड, आगजनी र लुटपाटजस्ता घटनाको जति भर्त्सना गरेपनि कम नै हो। मुलुकवासी पटक पटक आन्दोलन र जनयुद्धबाट मुक्ति पाएको लामो समय भएको छैन्। सर्वसाधारण जनता शान्ति र सुशासन खोजेका छन्।

यस किसिमका अराजकताले सर्वसाधारण नागरिक र व्यापारीवर्ग बढी सङ्कित छन्। मुलुक पुनः द्वन्द्वमा फस्ने त होइन भने बौद्धिकवर्गलाई चिन्तित तुल्याएको छ। भविष्यमा यस प्रकारका विध्वंशकारी घटना हुन न दिन सवै पक्षलाई गम्भीर हुनु आवश्यक छ।

विभिन्न सञ्चारमाध्यमदेखि सामाजिक सञ्जालमा राजवादी र गणतन्त्रवादी पक्षधरबीच एक अर्कालाई होच्याउनमै तल्लीन छन्। तर, विश्लेषकको दृष्टिमा राजनीतिक सुझबुझको कमी, संयमताको अभाव, विगतका गल्तिबाट पाठ नसिक्नु र सरकारी सयन्त्र परिस्थति भयावह हुने विषयमा समयमा सचेत हुन नसक्नु मुख्य कारकको रुपमा देखिन्छ। पहिलो कुरो, राजावादी पक्षधरको कुनै चुनावी सभा थिएन्। उनीहरु गणतान्त्रिक व्यवस्थाविरोधी सभा थियो। ज्ञानेन्द्रलाई पुनः नारायणहिटीमा पुर्‍याउने भनेर उद्घोष गरेका थिए। राष्ट्रिय प्रजातन्त्र पार्टीले राजासहित हिन्दु राष्ट्रको लागि आन्दोलित छन्। कुनैपनि मुलुकमा व्यवस्था वा संविधानको विरोधमा विधिवत रुपमा सरकारले सभाको लागि स्वीकृत प्रदान गरेको मेरो स्मरणमा छैन्। संविधान नमान्ने पक्षले स्वीकृतबेगर गर्छन्। प्रशासनले थाहा पाएपछि सभा विथोल्नेदेखि पक्राउसमेत गर्छन्। संसद्मा व्यवस्थाविरुद्ध बोल्नासाथ सभामुखले अविलम्ब कारवाही गर्छन्। यो नेपाल हो। राजतन्त्रको पक्षमा संसदमा पनि बोल्न पाउने र सार्वजनिक कार्यक्रमपनि पाउन सकिन्छ। संविधानको संशोधनका लागि संसददेखि सडकसम्म आवाज उठाउने संविधानमैं व्यवस्था छ।

केही दिनअघि ज्ञानेन्द्र पोखराबाट काठमाडौं फर्किदा हजारौं मानिसहरु विमानस्थल क्षेत्रमा उनको स्वागतमा पुगेका थिए। सोही समयमा उनीहरुले उत्साहित हुँदै गणतन्त्रविरुद्ध आक्रामक नारा लगाएका थिए। निश्चित रुपमा चैत १५ गते राजावादी पक्षधरहरु गणतन्त्रको विरोधमा पूर्ण तयारीका साथ सभामा सहभागी हुने भनेर आकलन गर्न नसक्नु र हलुको ढङ्गले लिनु नै सरकारको सवैभन्दा ठूलो कमजोरी हेरिन्छ। संस्कृतमा एउटा उपदेश यस्तो छ- अनागता विधाता च प्रात्युत्पन्नामतिस्थता। द्वावेतौ सुखमे धेते यद् भविष्यो विनश्यति। अर्थात, आउन लागेको विपतभन्दा पहिले सचेत हुनुपर्छ। विपतबाट बच्ने उपाय सोचेर कार्य गर्ने व्यक्तिको जीवन सफल हुन्छ। जे हुन्छ, हेरौंला! सोचले विनासलाई आमन्त्रित गर्छन्। जुन किसिमका दुर्भाग्यपूर्ण घटना चैत १५ गते घट्यो के सरकार सचेत थियो त ? स्थानीय प्रशासनले एउटै शहरमा किन दुई विपरीत ध्रुवका विचारधारा बोक्ने पक्षलाई सभाको लागि स्वीकृति प्रदान गर्‍यो ? एक गणतन्त्रविरोधी र अर्को गणतन्त्रको कटट्र पक्षधर पक्ष। २०६३ साल चैत ७ गते नेकपा माओवादी र तत्कालीन मधेशी जनअधिकार फोरमले रौंतहटको गौरस्थित राइसमिलको एउटै मैदानमा आमसभा गर्दा दुवै दलका कार्यकर्ताबीच भिडन्त भयो। एक साताको अन्तरालमा दुवै पार्टीले स्थानीय प्रशासनसँग स्वीकृति लिएका थिए। त्यो बेला जनयुद्ध लडेका राष्ट्रको मूलधारमा समाहित भएका माओवादीकेन्द्र र मधेश आन्दोलनबाट सशक्त बनेका उपेन्द्र यादवले नेतृत्व गरेका मधेशी जनअधिकार फोरम नेपालका कार्यकर्ताहरु बढी उत्साहित थिए। भनिन्छ, माओवादी केन्द्रका सो क्षेत्रका तत्कालीन नेता प्रभु साहले सोही मैदानमा सोही दिन सभाका लागि स्वीकृतिका लागि स्थानीय प्रशासनमाथि दवाव दिएर स्वीकृति लिएका थिए। सो दिन सभा शुरु हुनासाथ दुवै दलका कार्यकर्ताबीच भनाभनपछि कुटाकुट शुरु भयो। अनाहकमा २७ जनाको दुःखद निःधन भयो। अत्यन्त पीडादायी घटनाले मुलुकनै शोकमा डुब्यो। त्यो घटनाबाट प्रचण्डजी र उपेन्द्रजीले के पाठ सिक्नु भयो ?

एउटै शहरमा दुई ठाउँमा सभामा सहभागी हुने क्रममा अप्रत्यासित रुपमा सडकमा जम्का भेट भएर आपसमा भिडन्त भइ दिएको भए, गौंरजस्तै घटना दोहरिने अवस्था निम्त्न सकिन्थ्यो। किनभने तीनपैनीको जुन किसिमका ताण्डव देखिए त्यसले जे पनि हुन सक्ने सम्भावनालाई वल पुगेको देखिन्छ।

राजावादी पक्षधरलाई तीनपैनीमा र माओवादी केन्द्रसहित चार दलको समाजवादी मोर्चाले भृकुटीमण्डपको मुख्य सडकमा कार्यक्रम गर्ने अनुमति पाएका थिए। दुवै पक्षबीच मूठभेड हुन नदिन सुरक्षाकर्मी बाँडिनुपर्ने अवस्था सृजना भयो। काठमाडौंको ति दुइटै क्षेत्रमा व्यापक रुपमा सुरक्षाकर्मी परिचालन गरिएको थियो। सिमीत सुरक्षाकर्मी बाँडिदा अप्रत्यासित रुपमा विभिन्न ठाउँमा घटनापछि सुरक्षाकर्मीलाई पठाउन समय लाग्नु स्वभाविक हो। राजावादी पक्षधरद्वारा यत्तत्र लुटपाट, भवनमा आगजनी, जडिबुटी प्रशोधन कम्पनीमा आगजनीका साथै एक दर्जनभन्दा बढी गाडी जलाइएका थिए। चारैतिर अराजकताको अवस्था सृजना भयो। सोही दिन म्यानमार र थाइलेण्डमा शक्तिशाली भुकम्प आएका थिए। अधिकांस व्यक्तिहरु टेलिभिजनबाट समाचार सुनिरहेका थिए। यता, नेपालको तीनपैनीको घटनाले टेलिभिजनका भुकम्पछि दोश्रो मुख्य समाचार बनेका थिए। तोडफोड, आगजनीजस्ता घटनाले राजावादी पक्षधरमा छविमा आघात त पुग्यो। तर, अन्तर्राष्ट्रिय जगतमा नेपालमा पुनः राजतन्त्रको स्थापनाका लागि आन्दोलन शुरु भएको भन्ने विषय चर्चामा आयो।

नेपालमा विधिवत रुपमा राजतन्त्रको युगको पटाक्षेप भइसकेको छ। अधिकांस जनता गणतन्त्र पक्षधर छन्। गणतन्त्र स्थापना भएको सत्रह बर्ष भएको छ। मुलुक सङ्घीयता प्रवेश गरेको करिव दस बर्ष हुन लागेको छ। गणतन्त्रको जगलाई वलियो बनाउन र संविधानसभाबाट निर्मित संविधानअनुसार सार्वभौमसत्ता जनतामा निहित र आधारभुत आवश्यकताको परिपूर्तिका लागि शासकीय संरचनामा व्यापक रुपमा फेरवदल भएको छ। सोअनुरुप, स्थानीयस्तरको संरचनाको आधारमा मुलुक सुस्तगतिमै भएपनि विकासका कार्य निरन्तर जारी छ। विश्वकै सवैभन्दा उत्कृष्ट व्यवस्था गणतान्त्रिक व्यवस्था हो। तर, गणतन्त्रको सुन्दर पक्षलाई विर्सेर मुख्य राजनीतिक दलहरु सत्तामुखी भएकै कारण जनतामा नेताप्रति नकारात्मक दृष्टिकोण छ। उनीहरुमा "एको अहं द्वितीयो नास्ति न भूतो न भविष्यति।" अर्थात, ममात्र हुँ, मजस्तो न कोही छ, न भविष्यमा कोही हुन्छ। यस किसिमका मानसिकता छ। त्यसो नभएको तीन दसकदेखि तीन चार जनाले नेपालको सत्तामैं रमाइरहेका छन्। उनीहरुमा राष्ट्रलाई उचित मार्गमा डोर्‍याउने क्षमता भएको भए मुलुकमा सरकार स्थायित्व ग्रहण गर्थे।

नेपालमा प्रजातन्त्र पुनः स्थापना भएको पाँच बर्षकै अन्तरालमा दोश्रो पुस्ताको रुपमा शेरबहादुर देउवा प्रधानमन्त्री पदमा आसिन भएका थिए। उनीभन्दा कतिपय अनुभवी र पाको नेता काँग्रेसमा थिए। विगत, तीस बर्षको अन्तरालमा देउवाजी ६ पटक प्रधानमन्त्री भइसकेका हुन्। यदि, ओली यताउता नगरे भने सातौंपटक देउवा नै प्रधानमन्त्री प्रवल सम्भावना छ। केपि ओली चौंथोपटक प्रधानमन्त्री पदमा आसिन भएका हुन्। माओवादीकेन्द्रका जन्मजात अध्यक्ष प्रचण्ड तीनपटक प्रधानमन्त्री भएका हुन्। संस्कृतको उक्त श्लोक उनीहरुमाथि सटिक मेल खाएको देखिन्छ।

जसरीपनि सत्तामा पुग्ने चलखेललाई विराम दिनुपर्छ र लोकतान्त्रिक संस्कारलाई आत्मसात गर्नुपर्छ। सक्षम र अनुभवी व्यक्तिलाई पार्टीका साथै सत्ताको नेतृत्वको जिम्मेवारी दिनुपर्छ। अधिकांस जनता अहिलेपनि गणतन्त्र व्यवस्था नै मन पराउँछन्। नेपाली जनता खुल्ला समाजमा रमाइसकेका छन्। तसर्थ, पूर्वराजा फर्कने सन्दर्भमा अनावश्यक टिकाटिप्पनी गरी चर्चामा जीवन्त राख्नुभन्दा मुलुकलाई आत्मनिर्भर बनाउनका लागि दत्तचित भए लाग्नुपर्छ। अधिकांस नेपाली जनताका गणतन्त्रप्रति प्रतिबद्ध छन्। तर, गणतन्त्रलाई आफ्नो अनुकुल व्याख्या गर्दा जनताको नजरमा गणतन्त्र कतै नेतातन्त्रमा परिणत भएको त होइन्। जनतामा नेताप्रति घोर निराशा छ। ४० लाखभन्दा बढी व्यक्ति रोजगारका लागि विदेसिएका छन्। उद्योगहरु निस्तेज अवस्थामा छ। कृषि प्रधान मुलुक भनिएपनि मुख्य खाद्यानमा आत्मनिर्भर हुन सकिएन्। बेरोजगारी समस्या विकराल छ। मुलुकलाई कसरी आत्मनिर्भर बनाउनुभन्दा बढी सत्तामा कसरी पुग्ने राजनीतिक खेलमा रुम्मिलिएपछि जनता नेताप्रति असन्तुष्ट छन्। यसको अर्थ यो पक्कै होइन कि जनताले गणतन्त्रको विरोधमा छ।

प्रतिनिधिसभामा सतारुढ दलका साँसदहरुले राजावादीहरुलाई जेल हाल्ने धम्कि दिएपछि सोको प्रतिउत्तरमा राप्रपाका अधयक्ष राजेन्द्र लिङ्देन आफूलाई जेल हाल्न चूनौति दिए। गणतन्त्रवादी नेताहरुले ज्ञानेन्द्रमाथि कारवाहीको माग उठाएका छन्। सार्वजनिक अभिव्यक्तिमार्फत ज्ञानेन्द्रको सरकारले दिँदै आएको सुविधा कटौतिदेखि कारवाहीसमेत गर्ने धम्कि दिइरहेका छन्। अर्कोतर्फ, काठमाडौंका नगरप्रमुद बालेन्द्र साहले चैत १५ गते भएको तोफोडको क्रममा नगरपालिकाको करिव आठ लाख मूल्य वरावरको क्षति भयो भनेर विधिवत रुपमा पत्र काटेको हो। सो सम्बन्धमा कतिपयले सस्तो लोकप्रियतको रुपमा व्याख्या गरेका छन् भने कतिपयले ज्ञानेन्द्रबाट क्षतिवापतको असुलउपर गर्न बालेन्द्रको कदमको व्यापक समर्थन गरेका छन्।

त्यो दिन को सभाको नेतृत्वकर्ता दूर्गा प्रसाई थिए। नवराज सुवेदी आन्दोलनको संयोजक हुन्। महानगरले ज्ञानेन्द्र शाहसँग नै क्षतिपूर्ति लिन खोजेको छ। 'दिन्छ कि दिँदैन !' त्यो त भविष्यको कुरो हो। ज्ञानेन्द्रसँग जरीवाना असुलउपरका लागि महानगरले पत्र पठाएको विषयले व्यापक रुपमा चर्चा भइरहेको अवस्था छ। अर्कोतर्फ, सङ्घीय सरकारसँग सम्बन्धमा तनाव छ। यखिर, सरकार ज्ञानेन्द्रमाथि बढी आक्रामक छन्। ज्ञानेन्द्रको नाममा पत्र काटेर सरकारको सहानुभूति लिएर सो तनावपूर्ण सम्बन्धमा सुधार ल्याउने उद्देश्य राखेरको रुपमा पनि हेरिन्छ।

> नेपालमा एकसय चार बर्ष राणाशासनविरुद्ध सशस्त्र क्रान्ति भयो। २०४६ सालमा प्रजातन्त्र पुन:स्थापनाको लागि जनआन्दोलन भयो। त्यसपछि, २०५९ सालमा ज्ञानेन्द्रले सत्ता आफ्नो हात लिएका थिए। त्यो बेला काँग्रेस र एमाले माओवादी जनयुद्धको विरुद्धमा थिए। संवैधानिक राजतन्त्रको पालना गरेका थिए। माओवादीले गणतन्त्रको लागि हतियार उठाएको घोषणा गरेका थिए। ज्ञानेन्द्रले सत्ता आफ्नो हातमा लिएपछि काँग्रेस, एमाले र माओवादी एक ठाउँमा उभिए। अन्ततः २०६२मा दोश्रो जनआन्दोलन भयो। २०६५ सालमा संविधानसभाबाट नेपाल विधिवत रुपमा गणतान्त्रिक मुलुक बन्यो। तत्कालीन राजा ज्ञानेन्द्रको विधिवत रुपमा विदाइ भयो। राजतन्त्रको पटाक्षेप भइसकेपछि राजालाई पुन: स्थापित गर्न राजावादी पक्षधरहरु सडकमा उत्रेका हुन्।

नेपालमा एकसय चार बर्ष राणाशासनविरुद्ध सशस्त्र क्रान्ति भयो। २०४६ सालमा प्रजातन्त्र पुनःस्थापनाको लागि जनआन्दोलन भयो। त्यसपछि, २०५९ सालमा ज्ञानेन्द्रले सत्ता आफ्नो हात लिएका थिए। त्यो बेला काँग्रेस र एमाले माओवादी जनयुद्धको विरुद्धमा थिए। संवैधानिक राजतन्त्रको पालना गरेका थिए। माओवादीले गणतन्त्रको लागि हतियार उठाएको घोषणा गरेका थिए। ज्ञानेन्द्रले सत्ता आफ्नो हातमा लिएपछि काँग्रेस, एमाले र माओवादी एक ठाउँमा उभिए। अन्ततः २०६२मा दोश्रो जनआन्दोलन भयो। २०६५ सालमा संविधानसभाबाट नेपाल विधिवत रुपमा गणतान्त्रिक मुलुक बन्यो। तत्कालीन राजा ज्ञानेन्द्रको विधिवत रुपमा विदाइ भयो। राजतन्त्रको पटाक्षेप भइसकेपछि राजालाई पुनः स्थापित गर्न राजावादी पक्षधरहरु सडकमा उत्रेका हुन्।

एभिन्यूज टेलिभिजनका पत्रकार सुरेश रजकको पीडादायी निःधनले पत्रकार जगत स्तब्ध छ। पत्रकार रजकको कुनै युद्ध भूमिमा गोली लागेर मृत्यु भएको होइन्। भवनमा आगजनी हुँदा समयमा उद्धार हुन नसक्दा उनको दुःखद निःधन भयो। यो अत्यन्त पीडादायी घटना हो। उनको मृत्युको सन्दर्भमा गहिरो अनुसन्धान हुनु आवश्यक छ। उहाँप्रति श्रद्धाञ्जलि अर्पनसहित शोकाकुल परिवारलाई धैर्य धारणको लागि भगवानसँग कामना गर्दछौं।'इतिश्री'

## राजसंस्था पुनर्स्थापना:

# "नेपालको भविष्य र अस्तित्वको बचाव"



**ई.चिरञ्जीवी भटराई**

नेपालको जन्म राजसंस्थाबाट भयो। नेपाल अधिराज्यको एकीकरण राजसंस्थाबाट भयो। आधुनिक नेपालको निर्माण राजसंस्थाबाट भयो। नेपालको अस्तित्व र अस्मिता राजसंस्थाबाट बच्यो। हाल हामीसँग भएका जति पनि बाटो, बिजुली, विद्यालय, विश्वविद्यालय, लोकसेवा आयोग, बिज्ञान प्रबिधि केन्द्र तथा अस्पताल औषधि, उद्योग, निर्माण सामग्री उद्योग, प्रहरी संगठन, सेना संगठन, बायुसेवा निगम, रेडियो नेपाल, नेपाल टेलिभिजन, पत्रकारिता, कला संस्कृति संगठन, नाचघर, प्रज्ञाप्रतिस्ठान, समाज कल्याण परिषद, महिला आयोग, संयुक्त रास्ट्रसंघमा सदस्य सार्क अन्तरास्ट्रिय सम्बन्ध, समाचार समिति, टेलिफोन, कृषि तालिम केन्द्र, सिंचाइ कुलोलगायत हरेक बिकासका एकएक पूर्वाधारहरु सबै राजसंस्थाले निर्माण गरेका हुन्।

इतिहासको हरेक कालखण्डमा बिदेशी हस्तक्षेप, बिदेशी अतिक्रमण, बिदेशी आक्रमण र बिदेशी दुश्मनको कब्जा पन्जाबिरुद्ध लडेर नेपाललाई सधैँ बैरीको तोपसँग खुकुरीको तातो रगतसँग साटेर मुलुकलाई अक्षुण अमर अजर बनाएर राख्ने पनि राजसंस्था हो। नेपाली भएको परिचय नेपाली नागरिकता र मालिक भएको परिचय जग्गाधनी लालपुर्जा पनि राजसंस्थाले दियो, प्रजातन्त्र समेत राजाले नै दिए। अब नेपाली नागरिकलाई राजाले के दिएनन् ?

आज राजसंस्था नहुदा दलिय मनपरितन्त्र वा गणतन्त्रका कारण अहिले नेपाल र नेपालीको बर्तमान संकटमा परेको छ। नेपाली भाइभाइबिच अविश्वास, असुरक्षा र विद्वेष बिजारोपण भएको छ। एक नेपाली जाती अर्को नेपाली जातिबिच घृणा र प्रतिसोधको भावना छ। पैसा र स्वार्थ प्राप्ति हुन्छ भने आमा, स्वास्नी, छोरी, धर्म संस्कृति, देश पनि बेच्न तयार भएको छ। जन्माउने आमा बाबा प्रति सम्मान हरायो। पढाउने गुरुबा गुरुआमाप्रति आदर छैन। नेपालीले नेपालीसँग शुद्ध नेपाली भाषा बोल्दैन। नेपाली उत्पादन नेपाली संस्कृति



नेपाली संस्कार र नेपाली धर्म कर्मप्रति अपमान भएको छ। राजाको नामसँग गाँसिएको प्रत्येक जिउदो ऐतिहासिक संरचना फोड्ने र नाम फेर्ने दुस्प्रयास गरिदैछ।

भ्रष्टाचार, तस्करी, कालाबजारी, सिन्डिकेट, खुला सिमा, नागरिकताको बेचबिखन, अपहरण, बलात्कार, हत्याआतंक, छोरीचेली बेचबिखन, बालबालिका बेचबिखन, घुसखोर, कमिसनखोर, प्राकृतिक स्रोतको बेचबिखन, जाती र धर्मको बिखन्डन, धर्मद्रोह राजद्रोह र देसद्रोह, परनिर्भरता महंगी र करको भारले नेपाली असैय पीडामा पिल्सिएका छन्। नेपाली जनता विभिन्न दलमा कित्ताकाट भै दलीय बिचार र दलाल दलकै झण्डा बोकेर चुपचाप सहेर बसिदिँदा ईन्डियन सेना नेपाल भूमि कब्जा गरी बसेको छ। यही मौकामा अमेरिकी गुप्तचर सिआइए र ईन्डियन गुप्तचर रअको दीर्घकालीन योजनाको घातक षडयन्त्रमा नेपाल भूमिमा अमेरिकी सेना र बम भित्याउन उसले बदनियत ढंगले काङ्ग्रेस, एमाले, माओवादी दललाई ३० औं बर्षदेखि पालिरहेको थियो। लगानी गरिरहेको थियो र छ त्यसैको नतिजा हो अहिले रअ, सिआइएका पाल्तु खेताला, गणतन्त्रका कुल्लीहरुले माओवादी धनयुद्ध हुँदै १२ बुदे चोर बाटोबाट गणतन्त्र, संघीयता र धर्मनिरपेक्षता जबर्जस्त लादेर नेपाल कंगाल बनायो।

अहिले एमसिसि पास गरिएको छ। विदेशी महिलाले नेपाली पुरुषसंग विवाह गरेकै दिन नेपाली नागरिकता पाउने नियम संसदले पास गरेको छ। यही अवस्था रहिरहे नेपालीको स्वाभिमान मात्र हैन पहिचान समेत गुम्ने खतरा बढेर गएको छ। यो समय नेपालीको लागि इतिहासकै प्रतिकुल समय हो। तसर्थ नेपाललाई अफ्रिकाको लिबिया, बंगलादेश श्रीलंका, युक्रेन हुनबाट बचाउन, सिरिया अफगानिस्तान र इराक हुनबाट नेपाल बचाउनका लागि नेपालीले आन्दोलन र बिद्रोह मार्फत राजसंस्था पुनर्स्थापना गर्नुपर्ने आबस्यकता होइन अनिवार्यता र अपरिहार्यता भएको छ।

# सङ्घीय लोकतान्त्रिक गणतन्त्रको पक्षमा उभिन आह्वान



काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले दृढतापूर्वक सङ्घीय लोकतान्त्रिक गणतन्त्रको पक्षमा उभिन सबैलाई आह्वान गर्नुभएको छ।

बाह्रखरी मिडिया प्रालिले काठमाडौँको गोकर्ण रिसोर्टमा शनिबार आयोजना गरेको 'एनसेल बाह्रखरी गल्फको आठौँ संस्करण' उद्घाटन गर्दै उहाँले निरंकुशताको विपक्षमा उभिन सबैलाई आग्रह गर्नुभयो। उहाँले खेलकुदलगायतका गतिविधि लोकतन्त्रमा मात्रै सम्भव भएको धारणा राख्नुभयो।

ग ल प ्र प्रतियोगितामा शनिबार ९६ कर्पोरेट खेलाडीहरूले प्रतिस्पर्धी सहभागी थिए । प्रतियोगिता उपाधि दोर्जे होजाङस्टाङले जित्नुभएको छ। कर्पोरेट गल्फको पहिलो संस्करणमा क्याप्टेन नोर्बु शेर्पा विजेता हुनुभएको थियो । त्यसैगरी महिलातर्फ रेखा घिमिरे विजेता बन्नुभएको छ।

**पोखरामा खेलकुदसम्बन्धी ठूला पूर्वाधार निर्माण जरुरीः सञ्चारमन्त्री गुरुङ**

सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता पृथ्वी सुब्बा गुरुङले पर्यटन राजधानी पोखरामा खेलकुदको विकासका लागि पोखरामा ठूला पूर्वाधार निर्माण जरुरी रहेको बताउनुभएको छ।

मदन भण्डारी स्पोर्टस् एकेडेमीको आयोजनामा पोखरामा शनिबारदेखि सुरु भएको केपी ओली कप' राष्ट्रिय खुला टी-२० पुरुष क्रिकेट प्रतियोगिताको उद्घाटन गर्दै शनिबार उहाँले पोखरा खेलकुदको केन्द्र बन्ने प्रशस्त सम्भावना रहेकाले पूर्वाधार निर्माणमा सरकारले प्राथमिकता दिने बताउनुभयो।

उहाँले पोखरा रङ्गशालाभित्रको क्रिकेट मैदानमा आवश्यक पूर्वाधार निर्माणका लागि आगामी आर्थिक वर्ष सरकारकोतर्फबाट बजेट व्यवस्था गर्नेसमेत प्रतिबद्धता जनाउनुभयो। "यस वर्ष क्रिकेट मैदानका लागि सक्दो बजेट विनियोजन हुन्छ, खेलकुद मन्त्रालयबाट प्रस्ताव आउला, त्यसमा मेरो जोड रहनेछ", सञ्चारमन्त्री गुरुङले भन्नुभयो।

पोखरामा क्रिकेट, फुटबल जस्ता खेलका लागि ठूला पूर्वाधार निर्माण आवश्यक रहेको उहाँको भनाइ थियो । उहाँले भन्नुभयो, "पोखरा जस्तो सुन्दर ठाउँमा अन्तरराष्ट्रियस्तरका रङ्गशाला बनाउनु पर्दछ। कूटनीतिक कारणले खेल पूर्वाधार महत्वपूर्ण छ । केही देशका लागि पोखरा सन्तुलित स्थान समेत बन्न सक्छ।" उहाँले प्रतियोगितामा भाग लिन आउने खेलाडी, क्लब, प्रशिक्षक, रेफ्रीलाई शुभकामना व्यक्त गर्दै प्रतियोगिताबाट उम्दा र क्षमतावान् खेलाडी उत्पादन हुने विश्वास व्यक्त गर्नुभयो।

मदन भण्डारी स्पोर्ट्स एकेडेमीको आयोजनामा पोखरा रङ्गशालास्थित क्रिकेट मैदानमा सुरु भएको प्रतियोगितामा कूल १६ टोलीको सहभागिता रहेको एकेडेमीका अध्यक्ष धुव्र आचार्यले जानकारी दिनुभयो । प्रतियोगिता आगामी वैशाख ५ गतेसम्म सञ्चालन हुनेछ। प्रतियोगिताको विजेताले रु १० लाख र उपविजेताले रु पाँच लाखका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्।

यसैगरी प्रतियोगिताको उत्कृष्ट खेलाडीले रु ३० हजार, उत्कृष्ट बलर तथा उत्कृष्ट ब्याटरले जनही रु १० हजार र 'प्लेयर अफ द म्याच'ले रु पाँच हजार प्राप्त गर्ने एकेडेमीले जनाएको छ । एकेडेमीका संरक्षकसमेत रहनुभएका प्रधानमन्त्री एवं नेकपा(एमाले)का अध्यक्ष केपी शर्मा ओलीका नाममा प्रतियोगिता हो ।रासस

# थाइल्याण्ड भ्रमण र बिम्स्टेक सम्मेलनमा सहभागिता सफल र सार्थकः प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो थाइल्याण्डको औपचारिक भ्रमण तथा बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिम्स्टेक) छैटौँ शिखर सम्मेलनमा सहभागिता अत्यन्त सफल एवं सार्थक रहेको बताउनुभएको छ।

थाइल्याण्डको औपचारिक भ्रमण सम्पन्न गरी स्वदेश फर्केपछि त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको अतिविशिष्ट कक्षमा शनिबार आयोजित पत्रकार सम्मेलनमा उहाँले आफ्नो भ्रमणबाट दुई मुलुकबीच रहिआएको द्विपक्षीय सम्बन्धले थप उचाइ हासिल गरेको बताउनुभयो।

प्रधानमन्त्री ओलीले थाइ समकक्षी पे थोङ् थान् शिनावातसँगको भेटमा दुई देशबीच व्यापार तथा लगानी, कृषि, पर्यटन तथा संस्कृति, शिक्षा तथा मानव संशाधन विकासलगायत आपसी हितका क्षेत्रीय एवं बहुपक्षीय मामिलामा सहयोग र सहकार्य गर्ने विषयमा फलदायी कुराकानी भएको जानकारी दिनुभयो।

उहाँले बौद्ध धर्म एवं दर्शनले जोडेको सांस्कृतिक सम्बन्ध एवं छ दशकभन्दा लामो द्विपक्षीय घनिष्ठ कूटनीतिक सम्बन्धलाई थप सुदृढ बनाउने र यसको जगमा उभिएर दुई देशबीचको आर्थिक सम्बन्धलाई पनि समयानुकूल फराकिलो र गहिरो बनाउँदै दुई देशबीच सहमति भएको बताउनुभयो।

प्रधानमन्त्री ओलीले 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय लक्ष्य प्राप्तिमा नेपाललाई थाइल्याण्ड सरकारको सक्दो सहयोग रहने प्रतिबद्धता प्राप्त भएको जानकारी दिनुभयो। उहाँले कृषि, पर्यटन, पूर्वाधार विकास, सूचना प्रविधिलगायत क्षेत्रमा सहयोग गर्न थाइल्याण्ड सरकार तयार रहेको जानकारी दिनुभयो।

"द्विपक्षीय सम्बन्ध सुदृढीकरण साथसाथै जलवायु परिवर्तन, दिगो विकास, विश्व शान्तिलगायतका साझा चासोका विषयमा क्षेत्रीय तथा बहुपक्षीय मञ्चहरूमा पनि आपसी सहयोग र सहकार्य थप बलियो र प्रभावकारी बनाउँदै जाने कुरामा दुवै पक्षबीच सहमति भएको छ", प्रधानमन्त्री ओलीले भन्नुभयो।

उहाँले भ्रमणका अवसरमा नेपाल सरकार र थाइल्याण्ड सरकारबीच आपसी सहयोग आदानप्रदान गर्ने सन्दर्भमा पर्यटन क्षेत्रमा सहयोग र सांस्कृतिक सहयोगसम्बन्धी सम्झौता एवं निजी क्षेत्रसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भएको जानकारी दिनुभयो।

प्रधानमन्त्री ओलीले आफूले थाइल्याण्डका प्रधानमन्त्री शिनावातलाई नेपाल भ्रमणको निम्ता दिएको जानकारी दिँदै उहाँबाट चाँडै नै नेपालको भ्रमण हुने अपेक्षा राखेको बताउनुभयो।

प्रधानमन्त्री ओलीले बिम्स्टेक सम्मेलनलाई सम्बोधन गर्दै बङ्गालको खाडी र विश्वभर सघन परिवर्तन आएको र आर्थिक असमानता, बढ्दो वातावरणीय जोखिम, राजनीतिक अनिश्चितता जस्ता साझा वैश्विक चुनौतीको सामना गर्न क्षेत्रीय सहकार्यलाई अझ सशक्त बनाउनुपर्नेमा जोड दिएको बताउनुभयो।

"शिखर सम्मेलनको नारा 'समृद्ध, उत्थानशील र खुला बिम्स्टेक' ले दिगो विकासका लक्ष्यहरु प्रतिविम्बित गर्नुकासाथै नेपालको राष्ट्रिय आकाङ्क्षा 'समृद्ध नेपाल, सुखी नेपाली' लाई समेत प्रतिध्वनित गरेको कुरा मैले चर्चा गरेँ", उहाँले भन्नुभयो।

प्रधानमन्त्री ओलीले वातावरणीय एवं अन्य क्षेत्रीय, अन्तरराष्ट्रिय चुनौतीबारे छलफल गर्न नेपालले आयोजना गर्न लागेको सगरमाथा संवादको

> प्रधानमन्त्री ओलीले आफूले थाइल्याण्डका प्रधानमन्त्री शिनावातलाई नेपाल भ्रमणको निम्ता दिएको जानकारी दिँदै उहाँबाट चाँडै नै नेपालको भ्रमण हुने अपेक्षा राखेको बताउनुभयो ।

पहिलो संस्करणमा सहभागिताका लागि बिम्स्टेक राष्ट्रका समकक्षीलाई पुनः आमन्त्रण गरेको जानकारी दिनुभयो। उहाँले सम्बोधनका क्रममा जलवायु परिवर्तनले समस्त मानव समुदायको अस्तित्वलाई नै खतरामा पारेको र एसियाको चिस्यान केन्द्र तथा विश्वको ताप शोषकका रुपमा रहेको नेपालको हिमशृङ्खलामा जलवायु परिवर्तनको असर अझ अत्यधिक रहेको उल्लेख गरेको बताउनुभयो।

भ्रमणका क्रममा म्यानमार र थाइल्याण्डमा महाभूकम्पका कारण ठूलो जनधनको क्षति भएकामा नेपाल सरकार, नेपाली जनता र आफ्नोतर्फबाट समवेदना प्रकट गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेको उल्लेख गर्नुभयो।

प्रधानमन्त्री ओलीले बिम्स्टेक क्षेत्रको विकास, समृद्धि र दिगोपनाको लागि ' बिम्स्टेक भिजन २०३० ' कार्यान्वयन गर्ने, क्षेत्रीयरुपमा उपलब्ध आर्थिक वृद्धिका अवसर हरुलाई उपयोग गर्नेलगायत विषय समेटिएको बैंकक घोषणापत्र जारी भएको बताउनुभयो।

उहाँले सो शिखर सम्मेलनअघि बिम्स्टेकको मन्त्रीस्तरीय बैठकले मानव स्रोत विकास, सार्वजनिक स्वास्थ्य, शिक्षा, विज्ञान तथा प्रविधि, जलवायु परिवर्तनसम्बन्धी कार्ययोजनालाई पारित गरी यथाशीघ्र कार्यान्वयनमा लैजान जोड दिएको स्पष्ट पार्नुभयो।

प्रधानमन्त्री ओलीले भ्रमणका क्रममा नेपाली र थाइ व्यवसायीसँग नेपालमा वैदेशिक लगानीका लागि उपयुक्त कानूनी, सामाजिक र आर्थिक वातावरण रहेको र वैदेशिक लगानीलाई सरल, सहज, सुरक्षित एवं प्रतिफलमुखी बनाउन नेपाल सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै लगानीका लागि आग्रह गरेको भनाइ राख्नुभयो।

पत्रकार सम्मेलनमा प्रधानमन्त्री ओलीका तर्फबाट तयार गरिएको प्रेस नोट परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राईले वाचन गर्नुभएको थियो।

प्रधानमन्त्री ओलीले बिम्स्टेक शिखर सम्मेलनका क्रममा भारतका प्रधानमन्त्री नरेन्द्र मोदी, श्रीलङ्काका प्रधानमन्त्री डा. हरिणी अमरसुर्या, भुटानका प्रधानमन्त्री छिरिङ तोब्गे र म्यानमारका प्रधानमन्त्री मिन आङ ल्हाङ्गसँग भेटवार्ता गर्नुभएको थियो । भेटमा प्रधानमन्त्रीले नेपाल र ती मुलुकहरूबीच कायम रहँदै आएको मैत्रिपूर्ण सम्बन्धलाई अझ प्रगाढ बनाउने एवं द्विपक्षीय सम्बन्धका साथै बिम्स्टेक लगायत क्षेत्रीय तथा अन्य बहुपक्षीय सहयोग र सहकार्य थप सुदृढ बनाउँदै लैजाने विषयमा छलफल गर्नुभएको थियो।

प्रधानमन्त्री ओली थाइल्याण्डका प्रधानमन्त्री शिनावात्को मैत्रिपूर्ण निमन्त्रणामा यही चैत १९ गते थाइल्याण्डको औपचारिक भ्रमण तथा बिम्स्टेकको छैटौँ शिखर सम्मेलनमा सहभागी हुन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै त्यसतर्फ प्रस्थान गर्नुभएको थियो।

**नेपाल-भारत सम्बन्धलाई सुदृढ गर्दै लैजान्छौँ**

प्रधानमन्त्री केपी शर्मा ओलीले भारतीय समकक्षी नरेन्द्र मोदीसँगको भेटमा नेपाल-भारतबीचको सम्बन्धलाई अझ व्यापक, विस्तृत र सुदृढ गर्दै लैजाने अठोट व्यक्त भएको बताउनुभएको छ।

थाइल्याण्डको औपचारिक भ्रमण तथा बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिम्स्टेक) छैटौँ शिखर सम्मेलनमा सहभागी भई स्वदेश फर्केपछि त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको अतिविशिष्ट कक्षमा आज आयोजित पत्रकार सम्मेलनमा उहाँले समकक्षीसँगको भेट निकै फलदायी भएको र आफू खुसी भएको प्रतिक्रिया दिनुभयो।

"छिमेकमा कुनै सानातिना समस्या त देखिन सक्छन्, त्यस्तो भइहालेमा एकापसमा संवाद गरिहाल्ने र तिनलाई टुङ्ग्याउने भन्नेमा यसपटक हामीले एउटा गहिरो समझदारी गरेका छौँ", सञ्चारकर्मीको जिज्ञासामा प्रधानमन्त्री ओलीले भन्नुभयो, "यो भेटघाट फलदायी भयो र म खुसी छु, उहाँको कुराकानीबाट उहाँ (मोदी) पनि खुसी हुनुहुन्छ भन्ने मैले पाएको छु।"

प्रधानमन्त्री ओलीले भारतीय समकक्षीसँगको भेटवार्तामा पारस्परिक सहयोगका विभिन्न क्षेत्रमा सहकार्यसम्बन्धी विचारविमर्श भएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "भेटमा लगानी र व्यापारका क्षेत्र, बहुउद्देश्यीय पञ्चेश्वर आयोजना, र दोधराचाँदनीमा महाकालीबाट सिँचाइ गर्नेलगायत द्विपक्षीय पारस्परिक हितका विषयमा कुराकानी भए।"

प्रधानमन्त्री ओलीले नेपालले आयोजना गरेको सगरमाथा संवादमा भारतीय प्रधानमन्त्री आउन नभ्याउने जानकारी दिँदै सो कार्यक्रममा भारतबाट उच्चस्तरका सहभागिता हुने बताउनुभयो । "मोदीजी आउन भ्याउनुहुन्न, यसकारण कि उहाँको पहिले नै त्यसैबेला युरोप जाने कार्यक्रम तय भइसकेको रहेछ, त्यसकारण उहाँ यहाँ आउन सक्नुहुन्न तर भारतको राम्रैस्तरबाट प्रतिनिधित्व हुन्छ।"

फरक प्रसङ्गमा प्रधानमन्त्री ओलीले आन्दोलनरत शिक्षकले उठाएका विषयलाई सरकारले सकारात्मक रुपमा ग्रहण गरी सम्बोधन गर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "सरकारले सुन्छ भन्ने उहाँहरुलाई विश्वास छ, त्यसकारण आउनुभएको हो, हामी कुराकानी पनि गर्छौं, सरकारले उहाँहरुको कुरा पनि सुन्छ।"

शिक्षकले राखेका मागका सम्बन्धमा के-कति गर्न सकिन्छ के कस्तो गर्नुपर्छ भन्ने कुरा परस्परमा बसेर छलफल गरेर टुङ्गिने विश्वास दिलाउनुभयो । "धेरै यसमा उहाँहरुले पनि दुःख नपाए हुन्छ, सरकारले कुनै नकारात्मक दृष्टिकोण राख्दै राख्दैन, किन राख्नु परेको छ र ?", उहाँले भन्नुभयो, "शिक्षकका समस्या टुङ्गिन्छ ।रासस

# चुनावबाट जनमत सावित गरेर चाहेजस्तो व्यवस्था ल्याउन शर्माको चुनौती



झापा। नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले चुनावबाट जनमत सावित गरेर चाहेजस्तो व्यवस्था ल्याउन पूर्वराजालाई चुनौती दिनुभएको छ। झापाको मेचीनगर, धुलाबारीमा पार्टीले आयोजित गरेको क्षेत्रीय प्रशिक्षण कार्यक्रममा शनिबार उहाँले पूर्वराजा ज्ञानेन्द्र शाहलाई आफूसँग जनता छन् भन्ने लागेको भए २०८४ सालको चुनावमा 'श्रीपेच चुनाव चिह्न' लिएर दुई तिहाई जनमत ल्याएर व्यवस्था बदल्न चुनौती दिनुभयो।

महामन्त्री शर्माले भन्नुभयो,"चौरासी सालमा चुनाव हुँदैछ। यदि तपाईलाई आफूसँग जनता छन् भन्ने लागेको छ भने श्रीपेच चुनाव चिह्नमा मत माग्नुहोस्। दुई तिहाई ल्याएर जनता आफूसँग भएको देखाउनुहोस्, अनि संविधान संशोधन गरेर चाहेको व्यवस्था गर्नुस् तर त्यसबाहेकका उपायद्वारा देशलाई अराजकतातिर लिने प्रयास स्वीकार्य हुँदैन।"

संविधानसभाको पहिलो बैठकले विधिवत् रूपमा लोकतान्त्रिक गणतन्त्रको घोषणा गरेको स्मरण गर्दै उहाँले सडकमा केही समर्थक उतार्दैमा राजावादीले संविधानसभाको निर्णय उल्ट्याउन नसक्ने बताउनुभयो। "संविधानसभाको निर्णय बदल्ने उपाय भनेको विधिवत् ढङ्गले संविधानको संशोधन हो। त्यसो गर्न चुनावमा दुई तिहाई बहुमत ल्याउनैपर्छ", महामन्त्री शर्माको भनाइ थियो,"हिजो राजाको पालामा जस्तो संविधान संशोधनको अधिकार कसैको हुकुम र हातमा नभएको हेक्का राख्न मेरो चेतावनी छ। सडकमा मान्छे उतार्दै आकाशतिर फर्केर मेरा जनता यति छन् र उति छन् भनेर अनुमान गरेको भरमा जनमत यकिन हुँदैन।"रासस

# थाइल्याण्ड भ्रमणबाट लगानी र सहकार्यका सम्भावना खुलेका छनः प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले थाइल्याण्डको पहिलो औपचारिक भ्रमणबाट नेपालमा लगानी र सहकार्यवृद्धिका सम्भावनाका ढोकाहरु खुलेको बताउनुभएको छ।

बाह्रखरी अनलाइनले शनिबार गोकर्णमा आयोजना गरेको 'एनसेल-बाह्रखरी गल्फ तथा आर्थिक सङ्गोष्ठी' मा प्रधानमन्त्री ओलीले भ्रमणका क्रममा नेपाली र थाइल्याण्डका व्यासायिक समुदायबीचको अनुभव आदानप्रदान र विभिन्न सम्झौता हुनु अन्त्यन्त फलदायी कार्य भएको बताउनुभएको हो।

थाइल्याण्डको पहिलो औपचारिक भ्रमण र बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिम्स्टेक)को छैटौँ शिखर सम्मेलनमा सहभागी भई स्वदेश फर्किएलगत्तै गोकर्णमा आयोजित कार्यक्रममा सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले ४० प्रतिशतको हाराहारीमा युवा जनसंख्या रहेको स्थितिमा भएका स्रोत साधनको प्रयोग गरे दक्ष जनशक्ति तयार गर्दै विकासको गति तीव्र बनाउनुपर्ने बताउनुभयो।

"देशमा काम गर्न नदिने र छेक्ने मनोदशा भएमा विकासको गति रोकिन्छ। तीव्र रुपमा काम हुनका लागि सबैमा देशभक्ति हुनुपर्छ।

हामीले राम्रा कानुन बनाइ ती कानुनको सही रुपमा कार्यान्वयन हुनुपर्छ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "जनताको सरकारसँग भेट हुनेबित्तिकै बैरभाव हुने स्थिति अन्त्य गर्नुपर्छ। हामीले सुशासन र सेवा प्रवाहका क्षेत्रमा प्रयास गरिरहेका छौँ । सम्भावनाहरु धेरै राम्रा छन् । थाइल्याण्डको भ्रमणबाट पनि त्यो ढोकाहरु खुलेको छ।"

प्रधानमन्त्री ओलीले आफूले डिजिटल नेपालको फ्रेमवर्क कार्यान्वयनमा ल्याएको स्मरण गर्दै यस क्षेत्रमा दक्ष र रोजगार मूलक जनशक्तिको संख्या वृद्धि गरेर सूचना प्रविधिको प्रयोगबाट आर्थिक लाभ लिनसक्ने वातावरण बनाउनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा नेपाली कांग्रेसका महामन्त्री गगन थापाले सूचना प्रविधिको उपयोगबाट उत्पादन र उत्पादकत्व बढाउन संसद्बाट हालै पारित भएको विधेयकबाट आधार तय भएको उल्लेख गर्दै सूचना प्रविधिको व्यापकताबाट आर्थिक समृद्धिमा लाग्नुपर्नेमा जोड दिनुभयो ।रासस

# संविधानमाथि चुनौती दिन केही शक्ति सक्रियः महासचिव पोखरेल



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव शङ्कर पोखरेलले संविधान र व्यवस्थामाथि चुनौती दिने गरी केही शक्ति सक्रिय भएको बताउनुभएको छ।

पेसागत महासङ्घ नेपाल राष्ट्रिय समितिको तेस्रो राष्ट्रिय परिषद् बैठकलाई शनिबार सम्बोधन गर्दै उहाँले संविधानबाहिर केही पनि जान नसक्ने बताउनुभयो। उहाँले पूर्वराजाका गतिविधिले संविधान कार्यान्वयनमा केही चुनौती थपेको बताउनुभयो। महासचिव पोखरेलले संविधान कार्यान्वयन गर्ने सम्बन्धमा छिटोभन्दा छिटो कानुन बनाउनुपर्छ भन्नेमा वर्तमान सरकार तथा एमाले र नेपाली कांग्रेस प्रतिबद्ध रहेको उहाँले बताउनुभयो। उहाँले पञ्चायतसँग गणतन्त्रलाई तुलना गरेर अस्थिरता मच्चाउने अपराधी भएको बताउनुभयो।

"पञ्चायत र राजतन्त्रसँग जोडेर नेपाली समाजमा जुन प्रचार गरिँदै छ, त्यो अपराध हो, हामी परिवर्तनकारी हौँ, हामी लोकतन्त्रवादी हौँ, यसका आधारमा हामीले आफ्ना दृष्टिकोण समाजमा राख्नसक्नु पर्दछ," उहाँले भन्नुभयो । महासचिव पोखरेलले नेपालमा सुशासन र सेवाप्रवाहको कारणले जनतालाई प्रश्न उठेको भन्दै सुशासन कायम गर्ने र सेवाप्रवाहलाई छिटोछरिता बनाउन पेसागत महासङ्घलाई आग्रह गर्नुभयो।

"राजनीतिक नेतृत्वले नीतिगत निर्णय गरिदिन्छ, प्रशासनले कार्यन्वयन गर्ने हो, प्रशासनयन्त्र सक्रिय नहुने हो भने जतिसुकै राम्रा योजना बनाएर पनि परिमाण आउँदैन," महासचिव पोखरेलले भन्नुभयो, "अहिले हाम्रा अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली जति बिहानदेखि बेलुकासम्म जति खट्नुहुन्छ, त्यति प्रशासनतन्त्र खटेका छैनन्, देश बनाउने कुरा जागिर नभई भावना, आन्दोलन हो।"

उहाँले सुशासन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनका लागि सरकारले विभिन्न कानुन संशोधन गरेको बताउनुभयो । यही चैत १५ गते भएको आपराधिक क्रियाकलापमा संलग्न र जिम्मेवार मानिसहरूलाई कारबाहीको दायरामा ल्याउनुपर्ने भन्दै उक्त दिनको घटनाको सबै जिम्मा पूर्वराजा ज्ञानेन्द्रले लिनुपर्ने उहाँको भनाइ राख्नुभयो ।रासस

## म्यान्मामा भूकम्प : मृतकको संख्या ३३०० नाघ्यो

एएफपी

याङ्गुन । म्यान्मामा ठूलो भूकम्पबाट मर्नेहरूको सङ्ख्या तीन हजार तीन सयभन्दा माथि पुगेको सरकारी मिडियाले शनिबार बताएको छ । संयुक्त राष्ट्रसङ्घका सहायता प्रमुखले विश्वसामु विपद् ग्रस्त राष्ट्रलाई सहयोग गर्न नयाँ आह्वान गरेका छन् ।

मार्च २८ को भूकम्पले देशभरका भवन र पूर्वाधारहरू ध्वस्त पारेको छ । यसको परिणामस्वरूप तीन हजार तीन सय ५४ जनाको मृत्यु र चार हजार पाँच सय आठ जना घाइते भएको तथा दुई सय २० जना बेपत्ता भएको सरकारी मिडियाले प्रकाशित गरेको नयाँ तथ्याङ्कले जनाएको छ ।विपद् भएको एक हप्ताभन्दा बढी समयपछि पनि देशका धेरै मानिस अझै आश्रयविहीन छन्, या त तिनीहरूको घरहरू नष्ट भएका कारण या थप भत्किने डरले बाहिर सुत्न बाध्य छन् ।

संयुक्त राष्ट्रसङ्घको एक अनुमानअनुसार ७.७ म्याग्निच्युडको भूकम्पले ३० लाखभन्दा बढी मानिस प्रभावित भएको हुन सक्छ । यसले चार वर्षको गृहयुद्धले निम्त्याएको अघिल्लो चुनौतीहरूलाई थप जटिल बनाएको छ ।संयुक्त राष्ट्रसङ्घका शीर्ष सहायता अधिकारीले शनिबार मध्य म्यान्माको मण्डाले सहरमा पीडितहरूसँग भेट गरे । मण्डाले भूकम्पको केन्द्र नजिकै अवस्थित छ र अहिले सहरभरि गम्भीर क्षति बेहोरेको छ ।"विनाश आश्चर्यजनक छ", टम फ्लेचरले एक्समा एक पोस्टमा लेख्नुभएको छ, "विश्व म्यान्माका जनताको साथमा उभिनु पर्छ ।"

देशको सैन्य जुन्ता प्रमुख मिन आङ ह्लाइङ शुक्रबार बैंककमा क्षेत्रीय शिखर सम्मेलनमा एक दुर्लभ विदेश यात्राबाट फर्केपछि नयाँ मृत्यु सङ्ख्या घोषणा गरिएको थियो । बैंककमा जुन्ता प्रमुखले थाइल्यान्ड र भारतका प्रधानमन्त्रीहरू लगायत नेताहरूसँग भेट गर्नुभएको थियो ।जनरलको शिखर सम्मेलनमा उपस्थितिले विवाद निम्त्याएको थियो । स्थलमा प्रदर्शनकारीहरूले उहाँलाई 'हत्यारा' भनेर ब्यानर प्रदर्शन गरेका थिए र जुन्ता विरोधी समूहहरूले उहाँको सहभागिताको निन्दा गरेका थिए ।

सन् २०२१ को विद्रोहमा आङ सान सुकीको नागरिक सरकारबाट सत्ता खोसेपछि उहाँको सशस्त्र सेनाले म्यान्मामा शासन गरेको छ । उक्त सैन्य कूले बहुपक्षीय द्वन्द्व निम्त्याएको छ र यो अझै समाधान हुन सकेको छैन ।भूकम्पपछि जुन्ताले दर्जनौं आक्रमण गरेको बताइएको छ । यसमा बुधबार अस्थायी युद्धविराम घोषणा भएदेखि कम्तीमा १६ वटा आक्रमण भएको संयुक्त राष्ट्रसङ्घले शुक्रबार जनाएको छ ।वर्षौंको लडाइँले म्यान्माको अर्थव्यवस्था र पूर्वाधार तहसनहस पारेसँगै भूकम्पपछिको राहत प्रदान गर्न अन्तर्राष्ट्रिय प्रयासहरूलाई उल्लेखनीय रूपमा बाधा पुऱ्याएको छ ।

चीन, रूस र भारत उद्धार टोलीहरू म्यान्मा पठाएर बाँचेकाहरूलाई पत्ता लगाउन मद्दत गर्ने पहिलो देशहरू मध्ये थिए ।संयुक्त राज्य अमेरिका परम्परागत रूपमा अन्तर्राष्ट्रिय विपद् राहतको अग्रणी रहेको छ तर राष्ट्रपति डोनाल्ड ट्रम्पले देशको मानवीय सहायता एजेन्सीलाई विघटन गर्नुभएको छ ।वासिङ्टनले शुक्रबार म्यान्मालाई पहिलेको २० लाख डलरको सहायतामाथि थप ७० लाख डलर थप्ने बताएको छ ।

# भारतमा मुस्लिम सम्पत्ति व्यवस्थापनसम्बन्धी विधेयक पारित

वीवीसी

काठमाण्डु । भारतमा शताब्दीयौँदेखि मुस्लिमहरूले दान गरेका अर्बौं डलर मूल्यका सम्पत्ति व्यवस्थापन सम्बन्धी एक विधेयक भारतको संसद्ले पारित गरेको छ ।

घण्टौं लामो बहस र विपक्षीहरूको आलोचनाबीच दुवै सदनले 'वक्फ' विधेयक पारित गरेका हुन्।तल्लो सदन लोकसभाले पारित गरेको भोलिपल्टै माथिल्लो सदन राज्यसभाले विधेयक पारित गरेको थियो।मुस्लिम नेता र विपक्षी पार्टीहरूले उक्त विधेयकलाई "असंवैधानिक" भनेका छन्।

त्यसले भारतका अल्पसङ्ख्यक मुसलमान समुदायको अधिकार हनन गर्ने उनीहरूले बताएका छन्। सरकारले भने वक्फ भनिने मुस्लिम सम्पत्तिको व्यवस्थापनलाई यसले अझ पारदर्शी बनाउने लक्ष्य राखेको दाबी गरेको छ।



कानुन बन्नुअघि यो विधेयक भारतकी राष्ट्रपति द्रौपदी मुर्मूसमक्ष प्रमाणीकरणका लागि पठाइएको छ। राष्ट्रपतिले चाँडै उक्त विधेयक स्वीकृत गर्ने अपेक्षा गरिएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले उक्त विधेयक पारित हुनुलाई "एक महत्त्वपूर्ण क्षण" भनेका छन्।

सामाजिक सञ्जाल एक्समा पोस्ट गर्दै उनले वक्फ भनिने मुस्लिम सम्पत्ति "दशकौँदेखि पारदर्शिता र जबाफदेही अभावको समानार्थी" भइरहेको टिप्पणी गरेका छन्।"संसद्ले पारित गरेको विधायिकाले पारदर्शिता बढाउनुका साथै जनताको अधिकारको रक्षा गर्नेछ," उनले लेखेका छन्।

यद्यपि प्रतिपक्षले विधेयकको निन्दा गर्दै यसलाई अल्पसङ्ख्यकको अधिकार हनन गर्ने भारतीय जनता पार्टी भाजपाको अर्को चाल भनेका छन्। कङ्ग्रेस नेता मल्लिकार्जुन खड्गेले तल्लो सदनमा विधेयकको पक्षमा २८८ मत भए पनि विपक्षमा पनि २३२ मत भएको बताए। "यसबाट हामी के अनुमान गर्न सक्छौं भने विभिन्न दलको विरोधका बावजुद पनि यो विधेयक मनोमानी शैलीमा ल्याइएको छ," उनले एक्समा लेखेका छन्।

कानुनसम्बन्धी समाचार प्रकाशित गर्ने वेबसाइट लाइभ लका अनुसार अल इन्डिया मजलिस-ए-इत्तेहादुल मुस्लिमीन पार्टीका अध्यक्ष समेत रहेका विधेयकका कट्टर आलोचक सांसद असदुद्दीन ओवैसीले विधेयकविरुद्ध सर्वोच्च अदालतमा मुद्दा दायर गरेका छन्। मुस्लिम परम्परामा यो समुदायको भलाइका लागि मुस्लिमहरूले गर्ने परोपकारी वा धार्मिक दानलाई वक्फ भन्ने गरिन्छ। यस्तो सम्पत्ति बिक्री गर्न वा अन्य प्रयोजनमा लगाउन पाइँदैन।

यस्तो सम्पत्ति मस्जिद, मदरसा, चिहान र अनाथालयको प्रयोजनमा ल्याइने भएका कारण २० करोड भारतीय मुस्लिमहरूका लागि यो महत्त्वपूर्ण छ।यस्तो सम्पत्ति सन् १९९५ मा जारी भएको वक्फ ऐन अन्तर्गत व्यवस्थापन हुँदै आएको थियो। उक्त कानुनले यस्तो सम्पत्तिको व्यवस्थापनका लागि राज्य स्तरीय सञ्चालक समितिलाई जिम्मा दिएको छ। यस्तो सञ्चालक समितिमा राज्य सरकार, मुस्लिम सांसदहरू, राज्य अन्तर्गतको बार काउन्सिलका सदस्यहरू, इस्लामिक विद्वानहरू र वक्फ सम्पत्तिका व्यवस्थापकहरू हुन्छन्।

भाजपा सरकारले गएको अगस्टमा वक्फ ऐन संशोधन गर्न विधेयक पेस गरेको थियो। सरकारले विधेयकमा प्रस्तावित संशोधनले वक्फको व्यवस्थापन गर्ने प्रशासकीय निकायलाई आधुनिकीकरण गर्ने र कानुनी छिद्रहरू कम गर्ने दाबी गरेको थियो। तर मुस्लिम नेता र विपक्षी दलहरूले प्रस्तावित संशोधनले यस्ता सम्पत्तिमा सरकारको नियन्त्रण धेरै हुनसक्ने आरोप लगाए।

उक्त विधेयक थप परीक्षणका लागि एउटा समितिमा पठाइएको थियो। गएको फेब्रुअरीमा उक्त समितिले केही संशोधनसहित विधेयक पारित गरेको थियो। नयाँ विधेयकमा गरिएको एउटा परिवर्तन वक्फ सम्पत्ति निर्धारण गर्ने तरिका हो।

ऐतिहासिक रूपमा मौखिक घोषणाका आधारमा वा सामुदायिक चलन अनुसार दान गरिएका सम्पत्तिलाई वक्फ सम्पत्ति मान्ने र त्यसलाई मुस्लिम समुदायले प्रयोग गर्ने अभ्यास छ।नयाँ विधेयकले वक्फ सञ्चालक समितिले वक्फ सम्पत्तिको दाबी पुग्ने कागजातहरू पेस गर्नुपर्ने नियम प्रस्ताव गरेको छ।

सरकारी स्वामित्वको विषयमा विवाद भएको अवस्थामा सरकारको निर्णय अन्तिम हुने विधेयकमा उल्लेख छ।

विधेयकमा गरिएको अर्को परिवर्तन वक्फको सञ्चालक समिति वा न्यायाधिकरणमा गैर मुस्लिमलाई पनि नियुक्त गर्न सकिने व्यवस्था हो। विधेयकले विवादको खण्डमा न्यायिक हस्तक्षेपका लागि बाटो खोलेको छ। विवाद भएको अवस्थामा वक्फ न्यायाधिकरणको निर्णय अन्तिम मान्ने विद्यमान व्यवस्था नयाँ विधेयकले प्रतिस्थापन गरेको छ।

उक्त विधेयकले केन्द्रीकृत दर्ता प्रणाली पनि प्रस्ताव गरेको छ जस अन्तर्गत विधेयक कानुन बनेर आएको छ महिनाभित्र सबै वक्फ सम्पत्तिहरू दर्ता गरिसक्नुपर्ने हुन्छ ।

नयाँ वक्फ सम्पत्तिको दर्ताका लागि पनि यही प्रणालीबाट वक्फ सञ्चालक समितिमा आवेदन दिनुपर्ने प्रस्ताव छ । वक्फ सम्पत्तिहरूको सर्वेक्षणमा सरकारको भूमिकामा व्यापक वृद्धि गर्ने प्रावधानहरू पनि विधेयकमा प्रस्ताव गरिएका छन् ।

# ट्रम्पको विश्वव्यापी भन्सार शुल्क लागू

एएफपी

वासिङ्टन। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको हालसम्मकै व्यापक भन्सार शुल्क शनिबार लागू भएको छ । यसले प्रतिक्रियास्वरूप जवाफी कारबाही र बढ्दो व्यापारिक तनाव निम्त्याउन सक्छ र विश्व अर्थतन्त्रलाई अस्तव्यस्त पार्न सक्छ ।



मेक्सिको र क्यानाडाका सामानहरू बाहेक अधिकांश अमेरिकी आयातमा असर पार्दै मध्यरातमा १० प्रतिशत 'आधारभूत' भन्सार शुल्क लागु भयो । यसमा ट्रम्पले देशको व्यापार घाटासँग सम्बन्धित समस्याहरू समाधान गर्न आपत्कालीन आर्थिक शक्तिहरूको आह्वान गर्नुभयो ।

ह्वाइट हाउसका अनुसार व्यापार अन्तरहरू सम्बन्धहरूमा 'पारस्परिकताको अभाव' र अन्य नीतिहरू जस्तै 'अत्यधिक मूल्य-वृद्धि करहरू' द्वारा प्रेरित थिए ।अप्रिल ९ मा युरोपेली सङ्घ (इयु), जापान र चीनसहित करिब ६० व्यापारिक साझेदार प्रत्येक अर्थतन्त्रका लागि अनुकूल उच्च दरको सामना गर्न तयार छन् ।पहिले नै अर्को हप्ता सुरु हुने चिनियाँ सामानहरूमा ट्रम्पको ३४-प्रतिशत भन्सार शुल्कले बेइजिङले अप्रिल १० देखि अमेरिकी उत्पादनहरूमा ३४-प्रतिशत भन्सार शुल्क लगाउने घोषणा गरेको छ ।

बेइजिङले विश्व व्यापार सङ्गठन (डब्लुटिओ) मा संयुक्त राज्य अमेरिकामाथि मुद्दा हाल्ने र उच्च-स्तरको चिकित्सा र इलेक्ट्रोनिक्स प्रविधिमा प्रयोग हुने दुर्लभ खनिज तत्वहरूको निर्यातलाई प्रतिबन्ध लगाउने पनि बताएको छ ।तर अन्य प्रमुख व्यापारिक साझेदारहरूले अन्तर्राष्ट्रिय गतिरोध र मन्दीको डरको विकास भइरहेको बेला आफूलाई रोकेका छन् ।ट्रम्पले शुक्रबार सामाजिक सञ्जालमा 'चीनले यसलाई गलत खेल्यो', यो 'उनीहरूले गर्न नसक्ने कुरा हो' भन्दै चेतावनी दिनुभयो ।

### बजारहरू धराशायी

शुक्रबार वाल स्ट्रिट एसिया र युरोपका समान पतनको बाटो पछ्याउँदै गिरावटमा गयो । अर्थशास्त्रीहरूले भन्सार शुल्कले वृद्धिलाई कम गर्न र मुद्रास्फीतिलाई बढावा दिनसक्ने चेतावनी पनि दिएका छन् ।

तर ट्रम्पले आफ्नो ट्रुथ सोशल प्लेटफर्ममा उहाँका 'नीतिहरू कहिल्यै परिवर्तन हुने छैनन्' भन्नुभएको छ। तथापि ट्रम्पको पछिल्लो भन्सार शुल्कमा उल्लेखनीय अपवादहरू छन् ।स्टिल, एलुमिनियम र अटोमोबाइल आयातमा प्रभाव पार्ने हालै लगाइएको २५ प्रतिशत भन्सार शुल्कमा यी थपिएका छैनन् ।साथै ह्वाइट हाउसका अनुसार तामा, औषधि, सेमिकन्डक्टर र काठ, 'केही महत्त्वपूर्ण खनिजहरू' र ऊर्जा उत्पादनहरूसँगै अस्थायी रूपमा छुट दिइएको छ ।

तर ट्रम्पले तामा र काठको अनुसन्धान गर्न आदेश दिनुभएको छ जसले चाँडै नै थप भन्सार शुल्कहरू निम्त्याउन सक्छ ।उहाँले औषधि र सेमिकन्डक्टर जस्ता अन्य उद्योगमा पनि असर पार्ने धम्की दिनुभएको छ। यसको अर्थ कुनै पनि छुट सीमित हुन सक्छ ।क्यानाडा र मेक्सिकोले उत्तर अमेरिका व्यापार सम्झौताबाहिर संयुक्त राज्य अमेरिकामा प्रवेश गर्ने सामानहरूमा २५ प्रतिशतसम्मको अलग भन्सार शुल्कको सामना गर्ने भएकाले ती दुवै मुलुक पछिल्लो भन्सार शुल्कबाट अप्रभावित छन् ।

### प्रतिशोधको जोखिम

ट्रम्पको तहगत समयसीमाले देशहरूलाई वार्ता गर्न ठाउँ दिए पनि उनीहरूले छुट पाउन सक्दैनन् भने चीनले पहिले नै गरेजस्तै, उनीहरूले प्रतिशोध लिने सम्भावना रहेको अक्सफोर्ड इकोनोमिक्सले यस हप्ता चेतावनी दिएको छ ।इयु व्यापार प्रमुख मारोस सेफ्कोभिचले २०-प्रतिशत कर दरको सामना गर्ने इयुले 'शान्त, सावधानीपूर्वक चरणबद्ध, एकीकृत तरिकाले' कार्य गर्ने र वार्ताका लागि समय दिने बताउनुभएको छ । यद्यपि उहाँले भन्नुभयो, "हामी हात बाँधेर बस्दैनौं ।"

इयुले अमेरिकी प्रविधि कम्पनीहरूमा कर लगाएर प्रतिक्रिया दिनसक्ने फ्रान्स र जर्मनीले बताएका छन् ।जापानका प्रधानमन्त्री सिगेरु इसिबाले ट्रम्पले जापानी-निर्मित वस्तुहरूमा २४-प्रतिशत कर दर लगाएपछि 'शान्त दिमागको' दृष्टिकोण अपनाउन आह्वान गर्नुभयो ।यसैबीच ट्रम्पले दक्षिणपूर्वी एसियाली उत्पादन केन्द्रबाट हुने आयातमा ४६ प्रतिशत अमेरिकी भन्सार शुल्कको सामना गर्नुपरेको भन्दै भियतनामका शीर्ष नेतासँग 'धेरै फलदायी' कुराकानी गरेको बताउनुभयो ।

राष्ट्रपति पदमा फर्केपछि ट्रम्पले क्यानाडा र मेक्सिकोबाट अवैध आप्रवासन र फेन्टानल लागुपदार्थका कारण आयातमा कर लगाउनुभएको छ र चीनबाट आउने वस्तुहरूमा थप २०-प्रतिशत दर लगाउनुभएको छ । अप्रिल ९ सम्ममा चिनियाँ उत्पादनहरूमा यस वर्ष थपिएको कर दर ५४ प्रतिशत पुग्नेछ ।ट्रम्पको २५-प्रतिशत अटो कर पनि यस हप्ता लागू भयो र जीप-मालिक स्टेलान्टिसले केही क्यानाडाली र मेक्सिकाली एसेम्बली प्लान्टहरूमा उत्पादन रोकेको छ ।

सेन्टर फर स्ट्रेटेजिक एन्ड इन्टरनेसनल स्टडिजका अनुसार ट्रम्पको नयाँ विश्वव्यापी करहरू विश्वव्यापी व्यापार युद्धलाई ट्रिगर गर्ने र महामन्दीलाई गहिरो बनाउनका लागि सबैभन्दा बढी सम्झना गरिने स्मुट-हेली शुल्क ऐन, १९३० को कानूनपछिको सबैभन्दा व्यापक कर वृद्धि हो । अक्सफोर्ड इकोनोमिक्सको अनुमान अनुसार यस कार्यले औसत प्रभावकारी अमेरिकी कर दर २४ प्रतिशत पुऱ्याउनेछ र यो सन् १९३० को दशकमा देखिएको भन्दा पनि उच्च हो ।

# युक्रेनी राष्ट्रपतिको गृहनगरमा भएको रुसी हमलामा १८ जनाको मृत्यु



एएफपी

किएभ । युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीको गृहनगर क्रिभी रिगमा रुसी ब्यालिस्टिक क्षेप्यास्त्र हमलामा नौ बालबालिका सहित १८ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् ।

शनिबार रातभरि आपत्कालीन कार्य सम्पन्न भएपछि दिनप्रोपेट्रोभ्स्कका क्षेत्रीय गभर्नर सर्गिय लिसाकले ६१ जना घाइते भएको बताउनुभयो ।क्रिभी रिगको सैन्य प्रशासनका प्रमुख ओलेक्सान्द्र भिल्कुलका अनुसार शुक्रबार बालबालिकाको खेल मैदान नजिकै आवासीय क्षेत्रमा मिसाइल आक्रमण भएको थियो ।सामाजिक सञ्जालमा अप्रमाणित भिडियोहरूमा सडकमा शवहरू रहेको देखाइएको छ भने अर्को भिडियोमा साँझको आकाशमा धुवाँको मुस्लो उठेको देखाइएको छ ।

घटनास्थलको सामाजिक सञ्जालको भिडियोमा एउटा कार जलिरहेको देखाइएको छ भने मानिसहरू चिच्याइरहेको सुन्न सकिन्छ ।"१८... त्यति नै मानिसहरू रूसीहरूले क्रिभी रिगमा मिसाइल प्रहार गर्दा मारिए। तिनीहरू मध्ये नौ जना बालबालिका थिए", लिसाकले टेलिग्राममा भन्नुभयो ।उहाँका अनुसार शुक्रबारको आक्रमणमा १२ बालबालिका घाइते भएका छन् ।

"यो यस्तो प्रकारको पीडा हो जुन तपाईंले आफ्नो सबैभन्दा खराब शत्रुमा पनि चाहनुहुन्न", लिसाकले भन्नुभयो ।रूसको रक्षा मन्त्रालयले सहरमा 'एउटा रेस्टुरेन्टमा उच्च विस्फोटक मिसाइलले सटीक आक्रमण गरेको थियो' भन्दै त्यहाँ 'तालिमका कमान्डरहरू र पश्चिमी प्रशिक्षकहरूको बैठक हुँदै थियो' भनेको छ ।शनिबार रुसी एयर डिफेन्स युनिटले रातिभर ४९ वटा युक्रेनी ड्रोनलाई रोकेको र नष्ट गरेको बताएको छ ।

### सारा संसारले देख्छ

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पदभार ग्रहण गरेपछि तीन वर्षभन्दा बढी समयदेखि चलिरहेको युद्धको चाँडो अन्त्यका लागि दबाब दिँदै आउनुभएको छ तर दुवै पक्षसँग वार्ता गरे पनि उहाँको प्रशासनले युद्धविराम गराउन सकेको छैन ।जेलेन्स्कीले सहरमा भएको मिसाइल आक्रमणले रूसलाई सन् २०२२ फेब्रुअरीमा सुरु गरिएको पूर्ण स्तरको आक्रमण रोक्ने कुनै चासो नभएको देखाएको बताउनुभयो ।

"यो जारी रहनुको एउटै कारण छ - रूस युद्धविराम चाहँदैन र हामी देख्छौं । सारा संसारले देख्छ", उहाँले भन्नुभयो ।रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले मार्चमा बिना शर्त र पूर्ण युद्धविरामका लागि संयुक्त राज्य अमेरिकी-युक्रेनी प्रस्तावलाई अस्वीकार गर्नुभयो । क्रेमलिनले कृष्ण सागरमा अमेरिकाले प्रस्ताव गरेको युद्धविराम गरेको छ जुन पश्चिमले केही प्रतिबन्धहरू हटाउनेमा निर्भर छ ।

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले शुक्रबार आक्रमणलाई लिएर ट्रम्प रुससँग 'अन्तहीन वार्ताको जालमा पर्न नसक्ने' बताउनुभएको थियो ।"रुस शान्तिका लागि गम्भीर छ कि छैन भन्ने कुरा केही हप्तामा, महिनाहरूमा होइन, हामी चाँडै थाहा पाउनेछौं", उहाँले भन्नुभयो ।जेलेन्स्कीले आफ्नो साँझको सम्बोधनमा रूसले कूटनीतिलाई 'खाली शब्द' को रूपमा लिएको आरोप लगाउनुभयो। "अहिलेसम्म युद्धविराम हासिल गर्न सकिन्थ्यो र यसलाई अस्वीकार गर्ने पुटिन हुनुहुन्छ", उहाँले भन्नुभयो ।

### जानीजानी आक्रमण

युक्रेनको केन्द्रीय दिनप्रोपेट्रोभ्स्क क्षेत्रमा रहेको क्रिभी रिग अग्रपङ्क्तिबाट लगभग ६० किलोमिटर टाढा छ र नियमित रूपमा रूसी ड्रोन र मिसाइलहरूको लक्ष्य बन्दै आएको छ ।जेलेन्स्कीको जन्म यही औद्योगिक सहरमा भएको थियो ।

यहाँको युद्ध पूर्वको जनसङ्ख्या करिब छ लाख थियो । ग ल त सूचनाको प्रतिरोध गर्ने जिम्मेवारी दिइएको युक्रेनी अधिकारी एन्ड्री कोभालेन्कोले क्रिभी रिगमा भएको आक्रमणमा संलग्न मिसाइललाई 'इस्कन्दर' भनेर वर्णन गर्नुभयो ।

इस्कन्दर एक रूसी ब्यालिस्टिक मिसाइल प्रणाली हो जसको सीमा पाँच सयसम्म हुनसक्छ ।"यो ठूलो संख्यामा मानिसहरूको हत्या गर्न जानाजानी गरिएको आक्रमण हो", कोभालेन्कोले भन्नुभयो ।क्रिभी रिगमा भएको एक छुट्टै ड्रोन आक्रमणमा लिसाकले एक ५६ वर्षीया महिलाको मृत्यु भएको र अन्य सात जना घाइते भएको बताउनुभयो ।

# रक्षा र ऊर्जा सम्झौताका लागि श्रीलङ्कामा भारतीय प्रधानमन्त्री मोदी

एएफपी

कोलम्बो । कोलम्बोले छिमेकी भारत र यसको सबैभन्दा ठूलो ऋणदाता चीनसँगको सम्बन्धलाई सन्तुलनमा राख्दै गर्दा श्रीलङ्काका राष्ट्रपतिले शनिबार प्रधानमन्त्री नरेन्द्र मोदीलाई भव्य स्वागत गर्नुभएको छ ।

राष्ट्रपति अनुरा कुमार दिसानायकेले मोदीलाई १९ तोपको सलामीसहित स्वागत गर्नुभयो । वामपन्थी राष्ट्रपति दिसानायकेले गत वर्षको चुनाव जितेपछि कोलम्बो भ्रमण गर्ने मोदी पहिलो विदेशी गन्यमान्य व्यक्ति हुनुहुन्छ ।

दिसानायके र मोदीले ऊर्जा, रक्षा र स्वास्थ्यसम्बन्धी सम्झौताहरूमा हस्ताक्षर गर्नुहुने अपेक्षा गरिएको छ तर भ्रमणको मुख्य आकर्षण भारत समर्थित एक सय २० मेगावाटको सौर्य ऊर्जा परियोजनाको सुरुआत हुनेछ ।मुलुकको उत्तरपूर्वी त्रिङ्कोमाली जिल्लामा रहेको सौर्य विद्युत् परियोजना वर्षौंदेखि रोकिएको थियो तर नयाँदिल्लीको समर्थनमा संयुक्त परियोजनाका रूपमा पुनर्जीवित भएको छ ।

शुक्रबार साँझ कोलम्बो आइपुगेपछि श्रीलङ्कामा आफ्नो 'शानदार स्वागत' को प्रशंसा गर्दै मोदीलाई राजधानीको इन्डिपेन्डेन्स स्क्वायरमा सम्मान गारद अर्पण गरिएको थियो ।कोलम्बोले नयाँदिल्ली र बेइजिङको प्रतिस्पर्धात्मक चासोसँग जुधिरहेको बेला मोदीको भ्रमण भएको हो ।नयाँदिल्ली श्रीलङ्कामा चीनको बढ्दो प्रभावको बारेमा चिन्तित छ । यसलाई भारतले आफ्नो भूराजनीतिक प्रभावको क्षेत्रभित्र रहेको ठान्छ ।

### क्षेत्रीय सहयोगीहरू

दिसानायकेको पहिलो विदेश भ्रमण डिसेम्बरमा नयाँदिल्ली थियो । तर त्यसपछि उहाँले जनवरीमा बेइजिङको भ्रमण गर्नुभयो । यसले श्रीलङ्काको नाजुक सन्तुलन कायम राख्ने प्रयासलाई उजागर गर्दछ ।

सन् २०२२ मा श्रीलङ्काले आफ्नो सार्वभौम ऋणमा डिफल्ट गर्दा १४ अर्ब डलरको द्विपक्षीय ऋणको आधाभन्दा बढी हिस्सा ओगटेको चीन श्रीलङ्काको सबैभन्दा ठूलो एकल द्विपक्षीय ऋणदाताका रूपमा देखा परेको छ ।चीन श्रीलङ्कालाई आफ्नो ऋणको पुनर्गठन गर्ने पहिलो देश पनि थियो । यस कदमले यस टापु मुलुकुलाई त्यस वर्षको सबैभन्दा खराब आर्थिक मन्दीबाट उम्कन बाटो खुलाएको थियो ।कोलम्बोले जनवरीमा चिनियाँ सरकारको स्वामित्वमा रहेको कम्पनीसँग टापुको दक्षिणमा रहेको तेल प्रशोधन केन्द्रमा तीन अर्ब ७० करोड डलर लगानी गर्ने सम्झौतामा पनि हस्ताक्षर गरेको थियो ।

यो श्रीलङ्काको सबैभन्दा ठूलो एकल विदेशी लगानी हुनेछ र टापुको अर्थतन्त्रका लागि महत्त्वपूर्ण मानिएको छ ।नयाँदिल्लीले श्रीलङ्कामा चीनको बढ्दो प्रभावप्रति चिन्ता व्यक्त गरेको छ ।मोदीको श्रीलङ्का भ्रमण थाइल्यान्डमा भएको शिखर सम्मेलन र क्षेत्रीय राष्ट्रका नेताहरूसँगको बैठकपछि भएको हो । थाइल्यान्डमा उहाँले छिमेकीहरूसँग भारतको सम्बन्धलाई सुदृढ पार्न खोज्नुभएको थियो ।

# नगरकोट भ्रमण वर्ष: सफल पार्न ऐक्यबद्धता



भक्तपुर । आगामी वैशाख १ गतेदेखि सुरु हुने 'नगरकोट भ्रमण वर्ष-२०८२' सफल पार्न तीन जिल्ला र चार नगरपालिकाका प्रमुख, राजनीतिक दलका प्रतिनिधि, उद्योगी एवं सरोकारवाला निकायले प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

चाँगुनारायण, मण्डनदेउपुर, बनेपा र शङ्करापुर नगरपालिकाले नगरकोटमा आज संयुक्त रुपमा आयोजना गरेको भक्तपुर, काठमाडौँ, काभ्रेपलाञ्चोकका तीन जिल्ला समन्वय समिति र नगरपालिकाको प्रमुख एवं प्रतिनिधिबीच भएको भ्रमण वर्षबारे छलफल कार्यक्रममा सहभागी प्रमुखहरुले भ्रमण वर्षलाई एक वर्षभरि नै भव्य बनाउने प्रतिबद्धता व्यक्त गर्दै नेपाल सरकारले नगरकोटलाई पर्यटकीय क्षेत्र घोषणा गर्नुपर्ने बताउनुभयो।

कार्यक्रममा पूर्वप्रदेशसभा सदस्य राजु विष्टले नगरकोट भ्रमण वर्षले नगरकोटसँग जोडिएको तीन जिल्ला र चार नगरपालिकाको पर्यटन विकासमा ठूलो टेवा पुर्‍याउने बताउनुभयो। उहाँले बौद्ध जोरपाटीबाट शङ्करापुर, नगरकोट हुँदै धुलिखेलसम्म जाने सडक, नगरकोटबाट कात्तिके बजार जाने सडक मार्गबाट आन्तरिक पर्यटकको विकासमा यसले टेवा पुर्‍याउने बताउनुभयो। शङ्करापुर नगरपालिकाले भ्रमण वर्ष सफल पार्न समान साझेदारीसँगै विभिन्न कार्यक्रम आयोजना गर्ने बताउनुभयो।

कार्यक्रममा बाग्मती प्रदेशसभाका पूर्वमन्त्री एवं प्रदेशसभा सदस्य कञ्चनवादे श्रेष्ठले नगरकोट मात्रै नभई चारवटै पालिकाकाको पर्यटन विकास गर्न नगरकोट आवतजावत गर्ने ११ वटा नाका एवं सडकको प्रचार गर्नुपर्ने बताउनुभयो। नगरकोट आउने पर्यटकको यात्रा र बसाइ लम्ब्याउन विभिन्न नयाँ कार्यक्रमसँगै नगरकोट-धुलिखेल साइकल मार्ग सञ्चालनमा ल्याउनुपर्ने औँल्याउनुभयो।

जिल्ला समन्वय समितिका प्रमुखहरुका तर्फबाट दीपककुमार गौतमले विश्वमा नगरकोटको नामबाट चिनिने नगरकोट भ्रमण वर्ष सफल भएमात्रै नेपाल भ्रमण हुने बताउँदै नगरकोट आएका सडकदेखि विभिन्न चुनौतीलाई चिर्दै भ्रमण वर्ष सफल पार्न तीनवटै जिल्ला समन्वय समितिले भूमिका निर्वाह गर्ने बताउनुभयो।कार्यक्रममा प्रमुख जिल्ला अधिकारीहरुका तर्फबाट भक्तपुरका प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अर्यालले सामान्य परिवारदेखि मध्यम वर्गीय परिवारसम्म नगरकोट आएर बस्न सक्ने गरी प्याकेज सर्वजनिक गर्नुपर्ने भन्दै तीन तहका सरकारसँग समन्वय गर्दै भ्रमण वर्ष अगाडि बढाउनुपर्ने बताउनुभयो।

नगरकोट आएर एक रात बस्छु भन्ने जोकोही नेपालीले सहजै बस्न र खान सक्ने गरी प्याकेज ल्याउन सकेमात्रै भ्रमण वर्षमा निम्न, मध्यम र उच्च वर्गका व्यक्तिको पारिवारिक भ्रमण राख्न सकिने उहाँले बताउनुभयो। उहाँले नगरकोट भ्रमण वर्ष सफल पार्न तीनवटै जिल्लाका प्रमुखहरुले सुरक्षा व्यवस्थादेखि आवश्यक सहयोग गर्ने बताउनुभयो।

चाँगुनारायणका नगर प्रमुख जीवन खत्रीले आउँदो वैशाख १ गते राष्ट्रपति रामचन्द्र पौडेलले उद्घाटन गरी ३ गतेसम्म नगरकोटमा भव्य रुपमा भ्रमण वर्षका विभिन्न कार्यक्रम आयोजना गरिने बताउनुभयो। उहाँले नगरकोटलाई मुख्य पर्यटकीय विन्दु बनाएर आयोजना हुने नगरकोट भ्रमण वर्षले चाँगुनारायण, काठमाडौँको शंखापुर, काभ्रेपलाञ्चोकको मण्डन देउपुर र बनेपा नगरपालिकाको समृद्धिको यात्रालाई जोडेर लैजाने बताउनुभयो।

> नगर प्रमुख खत्रीले भन्नुभयो,
> "नगरकोट जाने सडक बिग्रिएको छ भनेर अल्झिने वा अलमलिने नगरौं, हामी भक्तपुर-नगरकोट सडक सुधार गर्दैछौं, साथै नगरकोट आउने भक्तपर, काठमाडौं र काभ्रेका अरु नाकाबाट पनि पर्यटक ल्याउन सकिने सडक छन्, सबै पालिकाले आफ्ना नगरपालिका क्षेत्रबाट नगरकोट पर्यटक भित्र्याउने काम गर्नेछौं"

नगर प्रमुख खत्रीले भन्नुभयो, "नगरकोट जाने सडक बिग्रिएको छ भनेर अल्झिने वा अलमलिने नगरौं, हामी भक्तपुर-नगरकोट सडक सुधार गर्दैछौं, साथै नगरकोट आउने भक्तपर, काठमाडौँ र काभ्रेका अरू नाकाबाट पनि पर्यटक ल्याउन सकिने सडक छन्, सबै पालिकाले आफ्ना नगरपालिका क्षेत्रबाट नगरकोट पर्यटक भित्र्याउने काम गर्नेछौँ, नगरकोट केन्द्रविन्दु बनाएर १२ महिनामा मुख्य १२ वटा पर्यटक लक्षित कार्यक्रम हुनेछ, साथै अरू समयमा आ-आफ्नो नगरपालिका क्षेत्रमा पर्यटकीय गन्तव्य बनाएर कार्यक्रम गर्नेछौँ, ओझेलमा परेका पर्यटकीय गन्तव्यको पहिचान गर्नेछौँ।"

नगरकोट भ्रमण वर्षले तीन जिल्ला र चार नगरपालिकालाई समृद्ध बनाउने उहाँले गर्नुभयो। उहाँले भ्रमण वर्ष लक्षित गरेर प्रदेश र सङ्घीय सरकारसँगको सहकार्यमा पूर्वाधार विकासको कामलाई अगाडि लैजाने, आव २०८३/८४ मा अझै धेरै सङ्ख्यामा पर्यटक भित्र्याउने, एक दिन हैन, पाँच दिन बस्ने पर्यटकको बसाइ लम्ब्याउने गरी दीर्घकालीन विकासका कार्य र गन्तव्य पहिल्याउने बताउनुभयो।

उहाँले भन्नुभयो, "नगरकोटलाई स्वदेशी तथा विदेशी पर्यटकको प्रस्थान विन्दु बनाएर भ्रमण वर्षको आयोजना गरेका छौँ।" विश्व सम्पदामा रहेको चाँगुनारायणदेखि नगरकोटसम्म र ताथलीसम्म वडा नं १ देखि ९ सम्मका प्रत्येक क्षेत्रलाई पर्यटकीय गन्तव्य बनाउने, त्यहाँका सम्पदालाई उजागर गर्ने, उत्पादन प्रदर्शन गर्ने, प्रत्येक महिनामा प्रत्येक वडामा छुट्टै महोत्सव गर्ने र अरू नगरपालिकाले पनि नगरकोटमा संयुक्त र आफ्ना नगरपालिका क्षेत्रमा पर्यटकीय गतिविधि गर्ने गरी तयारी गरेको बताउनुभयो।

कार्यक्रममा बनेपा नगरपालिकाका प्रमुख शान्तिरत्न शाक्यले नगरकोट भ्रमण वर्ष सफल पार्न होटल र पर्यटन व्यवसायीले सकारात्मक भूमिका तथा सहयोग गर्नुपर्ने बताउँदै हिमाल र सूर्योदय सूर्यास्त हेर्न मात्रै होइन नगरकोटमा धेरै कुरा हेर्न र जान्न सकिन्छ भनेर पर्यटक ल्याउने आधार तयार पर्नुपर्ने बताउनुभयो।

भ्रमण वर्षमा नगरकोट हुँदै कलमसी, दुलाल गाउँबाट काभ्रेसम्म ग्रामीण पर्यटनसँग पर्यटकलाई जोड्ने, पुरानो गढी, बनेपा गुम्बा, नगरकोट टावर, हिले जलजले तालदेखि अनगिन्ती पर्यटकीय क्षेत्रलाई पर्यटकीय गन्तव्यका रुपमा विकास गर्ने, बनेपाबाट २० मिनेटमा नगरकोट पुग्ने सडक कालोपत्र सुरु गरेको पनि बताउनुभयो।

कार्यक्रममा मण्डनदेउपुर नगरपालिकाका प्रमुख टोकबहादुर वाइबाले नगरकोटको पहिचानलाई विश्वभर पुर्‍याउन भ्रमण वर्ष सफल हुने बताउँदै चार पालिकाको सङ्गमस्थल नगरकोटको विकासमा चारवटै पालिकासँग जुटेर सबै पालिकामा यहाँका नयाँ पर्यटकीय गन्तव्यमा पर्यटक पुर्‍याउने बताउनुभयो। होटल व्यवसायीले घोषणा गरेको १० प्रतिशत छुटको प्याकेज अपुग भएको भन्दै उहाँले नगरपालिका र बाग्मती प्रदेश सरकारको रु २८ करोडको लागतमा नगरकोटलाई खानेपानीको व्यवस्था गरेको बताउनुभयो।

उद्योग-व्यवसायी, नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेकपा (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी, राप्रपा, नेमकिपालगायत पार्टीका नेताहरुले नगरकोट भ्रमण वर्ष सफल पार्न सबै निकायले सहयोगात्मक भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो।रासस

# 'एक वडा-एक कृषि उत्पादन कार्यक्रम' कार्यान्वयन


काभ्रेपलाञ्चोक। बागमती प्रदेश सरकार कृषि तथा पशुपक्षी विकास मन्त्रालय, कृषि विकास निर्देशनालयद्वारा सञ्चालित कृषि उत्पादनमा स्वनिर्भर वडा निर्माण अभियानअन्तरगत समुदायमा आधारित 'एक वडा-एक कृषि उत्पादन कार्यक्रम' कार्यान्वयन भइरहेको छ।

जिल्ला कृषि विकास कार्यालय काभ्रेपलाञ्चोकमार्फत चालु आर्थिक वर्षमा ११ कार्यक्रम रहेकोमा हालसम्म सातवटा सम्झौता भई काम थालनी भएको छ। बाँकी कार्यक्रम कार्यान्वयनको चरणमा रहेको कार्यालयले जनाएको छ।

उक्त कार्यक्रमअन्तर्गत जिल्लाको महभारत गाउँपालिका-५ र खानीखोला-२ मा कफीखेती कार्यक्रम लागू भइसकेको छ, भने बेथानचोक गाउँपालिका-२ मा बेथानचोकमा महाभारत किसान समूहसँग अधिकतम् पाँच वर्षसम्म कार्यक्रम सञ्चालन गर्न सकिने उल्लेख गरिएको छ।

यसका लागि समूहले पाँच वर्षसम्मको कार्यक्रम र कार्ययोजना तयार गरिसकेको गाउँपालिका अध्यक्ष भगवान घिमिरेले बताउनुभयो। हाललाई तरकारी उत्पादन प्रविधिमा आधारित क्रियाकलाप बाँस र फलामका प्लाष्टिक हाउस निर्माण, उन्नत बीउबिजन, मलखाद, स्थलगत तालिमलगायतका कार्य समावेश रहेको छ,भने आउँदा वर्षमा भण्डारणलगायतका बजारीकरणका थप क्रियाकलापमा जोड दिइने छ।

कार्यालयका अनुसार अन्य दुई स्थानीमध्ये तह



तरकारीखेती यस हप्ता सम्झौता गरिएको छ। वडास्तरमा सञ्चालित यस कार्यक्रममा कृषि कार्यालयको कार्यालय प्रमुख कुलप्रसाद दवाडीले सम्झौता गर्नुभएको छ, भने स्थानीय तहको तर्फबाट जनप्रतिनिधिले हस्ताक्षर गर्नुभएको छ।

प्रदेश सरकारले कार्यालयमार्फत पहिलो पटकका लागि बेथानचोक-२ का लागि रु ६६ लाख ९९ हजार एक सय ९६ बराबरको कार्यक्रम सञ्चालन गर्न सम्झौता भएको हो। गाउँपालिकाले २० प्रतिशत अर्थात् रु १३ लाख ३३ हजार तीन सय ४० तथा बाँकी २० प्रतिशत अर्थात् रु १३ लाख ६९ हजार आठ सय ३९ समूहले योगदान गर्ने प्रतिबद्धता जनाइएको छ।

गाउँपालिकाले ब्यहोर्ने रकम बापतको रु १३ लाख ३३ हजार तीन सय ४० प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालयमा जम्मा भइसकेको जनाइएको छ। कार्यविधिअनुसार पनौती नगरपालिका-५ तथा भुम्लु गाउँपालिकाको १ नं वडामा उक्त कार्यक्रम लागू गरिएको छ। कार्यक्रम अनुसार पाँच वटा वडामा छ सय रोपनी जमिनमा तरकारी, कफी तथा किबी उत्पादनको काम गरिएको छ। कृषि विकास कार्यालय, स्थानीय तह तथा लाभग्राही समुदाय एवं सहकारीबीच त्रीपक्षीय सम्झौता गरेर कार्यक्रमको थालनी सुरु गरिएको हो।

पनौती र बेथानचोकमा तरकारी, महाभारत र खानीखोलामा कफी तथा भुम्लुमा किबी उत्पादनका लागि छनोट भएका हुन्। कार्यक्रम सञ्चालननार्थ स्थानीय सहकारी संस्था एवं समुदायको समूहसँग सम्झौता गरिने छ। "समुदाय तथा सहकारी छनोट गरी सम्झौताकार्य भइरहेका छन्, मौसमी तथा बेमौसमी तरकारी छनोट गरी लगत्तै उत्पादन कार्यतर्फ लाग्नेछौँ", दवाडीले भन्नुभयो।रासस

# यस्तो छ निर्धारित विदेशी मुद्राको विनिमयदर




काठमाण्डु । नेपाल राष्ट्र बैङ्कले शनिबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। राष्ट्र बैङ्कका अनुसार अमेरिकी डलर एकको खरिददर १३६ रुपैयाँ ०८ पैसा र बिक्रीदर १३६ रुपैयाँ ६८ पैसा कायम भएको छ।

युरोपियन युरो एकको खरिददर १५० रुपैयाँ ३९ पैसा र बिक्रीदर १५१ रुपैयाँ ०५ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिददर १७६ रुपैयाँ ८४ पैसा र बिक्रीदर १७७ रुपैयाँ ६२ पैसा, स्वीस फ्र्याङ्क एकको खरिददर १६० रुपैयाँ २४ पैसा र बिक्रीदर १६० रुपैयाँ ९४ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर ८२ रुपैयाँ ५२ पैसा र बिक्रीदर ८२ रुपैयाँ ८८ पैसा, क्यानेडियन डलर एकको खरिददर ९५ रुपैयाँ ७९ पैसा र बिक्रीदर ९६ रुपैयाँ २२ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०१ रुपैयाँ ४७ पैसा र बिक्रीदर १०१ रुपैयाँ ९१ पैसा निर्धारण गरिएको छ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ ३९ पैसा र बिक्रीदर नौ रुपैयाँ ४३ पैसा, चिनियाँ युआन एकको खरिदर १८ रुपैयाँ ६९ पैसा र बिक्रीदर १८ रुपैयाँ ७७ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ २६ पैसा र बिक्रीदर ३६ रुपैयाँ ४२ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ३३ पैसा र बिक्रीदर ३७ रुपैयाँ ५० पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर तीन रुपैयाँ ९८ पैसा र बिक्रीदर चार रुपैयाँ, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ ०५ पैसा र बिक्रीदर ३७ रुपैयाँ २१ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रुपैयाँ ६७ पैसा र बिक्रीदर ३० रुपैयाँ ८० पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ३९ पैसा र बिक्रीदर नौ रुपैयाँ ४३ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १३ रुपैयाँ ६९ पैसा र बिक्रीदर १३ रुपैयाँ ७५ पैसा र डेनिस क्रोनर एकको खरिददर २० रुपैयाँ १५ पैसा र बिक्रीदर २० रुपैयाँ २४ पैसा तोकिएको छ।

राष्ट्र बैङ्कले हङकङ डलर एकको खरिददर १७ रुपैयाँ ५१ पैसा र बिक्रीदर १७ रुपैयाँ ५९ पैसा, कुवेती दिनार एकको खरिददर ४४२ रुपैयाँ ५१ पैसा र बिक्रीदर ४४४ रुपैयाँ ४६ पैसा, बहराइन दिनार एकको खरिददर ३६० रुपैयाँ ९९ पैसा र बिक्रीदर ३६२ रुपैयाँ ५८ पैसा, ओमनी रियाल एकको खरिददर ३५३ रुपैयाँ ४९ पैसा र बिक्रीदर ३५५ रुपैयाँ ०५ पैसा रहेको छ। भारतीय रुपैयाँ एक सयको खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकेको छ।

राष्ट्र बैङ्कले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ। वाणिज्य बैंकले तोक्ने विनिमयदर भने फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैङ्कको 'वेबसाइट'मा उपलब्ध हुने जनाइएको छ।रासस

# यस्तो छ सागसब्जी र फलफूलको मूल्य

काठमाण्डु । कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले शनिबारका लागि कृषिउपजको थोक मूल्य निर्धारण गरेको छ। समितिका अनुसार तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो।

गोलभैँडा ठूलो (नेपाली) प्रतिकिलो रु ४०, गोलभैँडा ठूलो (भारतीय) प्रतिकिलो रु ५०, गोलभैँडा सानो (लोकल) प्रतिकिलो रु २०, गोलभैँडा सानो (तराई) प्रतिकिलो रु २५, आलु रातो प्रतिकिलो रु ३५, आलु रातो (भारतीय) प्रतिकिलो रु ४०, प्याज सुकेको (भारतीय) प्रतिकिलो रु ४५, गाजर (लोकल) प्रतिकिलो रु ३५, गाजर (तराई) प्रतिकिलो रु ३०, बन्दा (लोकल) प्रतिकिलो रु १५, बन्दा (तराई) प्रतिकिलो रु १२, बन्दा (नरिवल) प्रतिकिलो रु २०, काउली (स्थानीय) प्रतिकिलो रु ३५, स्थानीय काउली (ज्यापु) प्रतिकिलो रु ४०, मूला रातो प्रतिकिलो रु ५०, मूला सेतो (लोकल) प्रतिकिलो रु २०, सेतो मूला (हाइब्रिड) प्रतिकिलो रु ३०, भन्टा लाम्चो प्रतिकिलो रु ४० तथा भन्टा डल्लो प्रतिकिलो रु ५०, तने बोडीको मूल्य प्रतिकिलो रु ८० कायम गरिएको छ।

यसैगरी, मटरकोसा प्रतिकिलो रु ७०, घिउ सिमी (लोकल) प्रतिकिलो रु ९०, घिउ सिमी (हाइब्रिड) प्रतिकिलो रु ९०, घिउ सिमी (राजमा) प्रतिकिलो रु ८०, टाटे सिमी प्रतिकिलो रु ७०, तितो करेला प्रतिकिलो रु १२०, लौका प्रतिकिलो रु ५०, परबर (लोकल) प्रतिकिलो रु १००, परबर (तराई) प्रतिकिलो रु १००, चिचिण्डो प्रतिकिलो रु ८०, घिरौला प्रतिकिलो रु ७०, झिगुनी प्रतिकिलो रु ८०, फर्सी पाकेको प्रतिकिलो रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकिलो रु ३०, हरियो फर्सी (डल्लो) प्रतिकिलो रु ३०, सलगम प्रतिकेजी रु ७०, भिण्डी प्रतिकिलो रु १३० कायम गरिएको छ।

यस्तै, सखरखण्ड प्रतिकिलो ७०, बरेला प्रतिकिलो रु ४०, पिँडालु प्रतिकिलो रु ९०, स्कूस प्रतिकिलो रु ४०, रायो साग प्रतिकिलो रु ६०, पालुङ्गो साग प्रतिकिलो ८०, चमसुरको साग रु १००, तोरीको साग प्रतिकिलो रु ६०, मेथीको साग प्रतिकिलो रु ९०, प्याज हरियो प्रतिकिलो रु ४०, बकुला प्रतिकिलो रु ५०, तरुल प्रतिकिलो रु १२०, च्याउ (कन्य) प्रतिकिलो रु २३०, च्याउ (डल्ले) प्रतिकिलो रु ३०० तथा कुरिलो प्रतिकिलो रु ६०० निर्धारण गरिएको छ।



ब्रोकाउली प्रतिकिलो रु ६०, चुकुन्दर प्रतिकिलो रु ६०, सजीवन प्रतिकिलो रु १८०, कोइरालो प्रतिकिलो रु १८०, रातो बन्दा प्रतिकिलो रु ५०, जिरीको साग प्रतिकिलो रु ६०, ग्याठकोभी प्रतिकिलो रु ६०, सेलरी प्रतिकिलो रु १५०, पार्सले प्रतिकिलो रु ३००, सौफको साग प्रतिकिलो रु ७०, पुदिना प्रतिकिलो रु ३००, गान्टे मूला प्रतिकिलो रु ७०, इमली प्रतिकिलो रु १७०, तामा प्रतिकिलो रु १००, तोफु प्रतिकिलो रु १२० र गुन्द्रुक प्रतिकिलो रु ३५० तोकेको छ।

समितिले स्याउ (झोले) प्रतिकिलो रु २५०, स्याउ (फूजी) प्रतिकिलो रु ३५०, केरा (दर्जन) रु १६०, कागती प्रतिकिलो रु ३००, अनार प्रतिकिलो रु ३५०, अङ्गुर (हरियो) प्रतिकिलो रु २००, अङ्गुर (कालो) प्रतिकिलो रु २५०, भारतीय सुन्तला रु १५०, तरबुजा हरियो प्रतिकिलो रु ७०, मौसम प्रतिकिलो रु २००, जुनार प्रतिकिलो रु २००, भुइँकटहर प्रतिगोटा रु २००, काँक्रो (लोकल) प्रतिकिलो रु १००, काँक्रो (हाइब्रिड) प्रतिकिलो रु ४०, रुख कटहर प्रतिकिलो रु १२०, निबुवा प्रतिकेजी रु ५०, नासपाती (चाइनिज) प्रतिकिलो रु २६०, मेवा (नेपाली) प्रतिकिलो रु ५०, मेवा (भारतीय) प्रतिकिलो रु १२०, अम्बा प्रतिकिलो रु १२०, लप्सी प्रतिकिलो रु १२०, उखु प्रतिगोटा रु १००, स्ट्रबेरी (भुइँऐसेलु) रु २५०, किबी प्रतिकिलो रु ४५० तथा आभोकाडो प्रतिकिलो रु ६५०, अमलाको मूल्य प्रतिकिलो रु १३० निर्धारण गरिएको छ।

यसैगरी, अदुवा प्रतिकिलो रु १२०, खुर्सानी सुकेको प्रतिकिलो रु ४००, खुर्सानी हरियो प्रतिकिलो रु ८०, खुर्सानी हरियो (बुलेट) प्रतिकिलो रु ६०, खुर्सानी हरियो (माछे) प्रतिकिलो रु ८०, खुर्सानी हरियो (अकबरे) प्रतिकिलो २५०, भेडे खुर्सानी प्रतिकिलो रु १३०, लसुन हरियो प्रतिकिलो रु ६०, हरियो धनिया प्रतिकिलो रु २००, लसुन सुकेको चाइनिज प्रतिकिलो रु ३२०, लसुन सुकेको नेपाली प्रतिकिलो रु ३००, ताजा माछा (रहु) प्रतिकिलो रु ३२०, ताजा माछा (बचुवा) प्रतिकिलो रु २६०, ताजा माछा (छडी) प्रतिकिलो रु २४०, रुख टमाटर प्रतिकिलो रु १४०, राजा च्याउ प्रतिकिलो रु ३०० र सिताके च्याउको मूल्य प्रतिकिलो रु ८०० तोकेको छ।रासस

# चिस्यान केन्द्र बनेको एक वर्षपछि सञ्चालनमा

तनहुँ । जिल्लाको व्यास नगरपालिका-११ स्थित गैह्राबारीमा तीन रोपनी क्षेत्रफलमा निर्माण गरिएको चिस्यान केन्द्र सञ्चालनमा ल्याइएको छ। चिस्यान केन्द्रका लागि आवश्यक सबै संरचना निर्माण सम्पन्न भएपनि विद्युत् ट्रान्समिटर जडानमा समस्या हुँदा एक वर्ष ढिला गरी सञ्चालनमा ल्याइएको हो।

एक सय तीस मेट्रिकटन क्षमताको चिस्यान केन्द्र व्यास नगरप्रमुख वैकुण्ठ न्यौपानेले विशेष पूजापछि आलु भण्डारण गरेर उद्घाटन गर्नुभयो। गण्डकी प्रदेश सरकार र व्यास नगरपालिकाको संयुक्त लगानीमा केन्द्र निर्माण गरिएको हो। केन्द्र निर्माणको जिम्मा देवचुली कन्ट्रक्सन कम्पनी प्रालिले लिएको थियो। विसं २०७८ भदौ १३ गते कम्पनीले सम्झौता गरी निर्माण अघि बढाइएको थियो।

विद्युत् प्राधिकरणले 'थ्री फेज'को ट्रान्समिटर जडान गरेपछि केन्द्र सञ्चालनमा ल्याइएको व्यास नगरपालिकाका योजना शाखा अधिकृत भेषराज तिवारीले जानकारी दिनुभयो। उहाँका अनुसार प्रारम्भिक ठेक्का रकम रु एक करोड ६२ लाख ३२ हजार २४६ रहेकामा थप रु १९ लाख ९८ हजार ६२७ वृद्धि भई करसहित रु करोड ९१ लाख ३२ हजार ७२२ पुगेको छ।रासस


## मालपोत कार्यालय, मौलापुर, रौतहट
## ३५ दिने सार्वजनिक सूचना

जिल्ला रौतहट गा.वि.स. सीतलपुर बैरगनिया ८ मा जस्ने जीमदार राय यादवको नामदर्ताको तपसिलका जग्गा साबिक गा.वि.स. नरही वार्ड नं. ४ हाल करैयामाई गा.पा. वार्ड नं. ८ मा बस्ने कामेश्वर राउत अहिरको श्रीमती मरुवा जीमदार राय यादवको छोरी कैलासी देवी यादव र जि.रौ.साबिक सीतलपुर बैरगनिया ५ हाल फतुवाविजयपुर न.पा. वार्ड नं. १ मा बस्ने राजेन्द्र रायको श्रीमती मरुवा जीमदार राय यादवको छोरी जिरवाले आफनो संयुक्त नाममा नामसारी गरी पाउँभनी द.नं. ४६५८ मिति २०८१/११/२७ को माग निवेदन।

**तपसिल**

| गा.पा./न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | जग्गाधनी |
|---|---|---|---|---|
| सीतलपुर | ८क | ३३० | ०-७-० | जिम्दार राय यादव |
| सीतलपुर | ८क | ३५७ | ०-३-० | जिम्दार राय यादव |
| सीतलपुर | ९क | १४९ | ०-३-६ | जिम्दार राय यादव |
| सीतलपुर | ८क | २११ | ०-३-० | जिम्दार राय यादव |
| सीतलपुर | ९ | ३८० | ०-०-१४ | जिम्दार राय यादव |
| सीतलपुर | ८क | ४८१ | ०-०-३-४ | जिम्दार राय यादव |
| सीतलपुर | ८ख | २०८ | ०-०-१७ | जिम्दार राय यादव |
| सीतलपुर | ८ख | २११ | ०-१-४ | जिम्दार राय यादव |

माग जग्गाको मोठ भिडान हुँदा उक्त ज.ध.को मोठ श्रेस्तामा जग्गाधनीको नाम जिम्दार राय यादव, वतन सीतलपुर ८, बाबु तुलसी राय यादव, बाजे दुलार राय यादव, ना.प्र.नं. २५०७ जारी मिति २०४४/१२/२६ उल्लेख रही जग्गाको विवरणमा गा.वि.स. सितलपुर वार्ड नं. ८क कि.नं. ३३० को ०-७-०, ऐ.ऐ. कि.नं. ३५७ को ०-३-०, ऐ.ऐ. कि.नं. २११ को ०-३-०, ऐ.ऐ. कि.नं. ४८१ को ०-०-३-४, ऐ. वार्ड नं. ९ कि.नं. ३८० को ०-०-१४, वार्ड नं. ९ क कि.नं. १४९ को ०-३-६, ऐ.वार्ड नं. ८ख कि.नं. २०८ को ०-०-१७ र २११ को ०-१-४ मात्र उल्लेख रही मोठ कायम रोक्का देखिदैन भनि लेखि आएको देखिन्छ।

यो माग जग्गा सम्बन्धमा फतुवाविजयपुर न.पा. वार्ड नं. १ को च.नं. ७३५ मिति २०८१/११/२७ गतेको पत्रबाट जिल्ला रौतहट साबिक गा.वि.स. सीतलपुर बैरगनिया ८ मा बस्ने जीमदार राय यादव र निजको एकमात्र पत्नी मोहपतिया देवीको आफ्नो कालगतिले मृत्यु भई निजहरुको दामपत्य जीवनबाट १ छोरा विरेन्द्र राय यादव र २ जना छोरी कैलासी देवी यादव र जिरवा देवीको जन्भ भएकोमा छोरा विरेन्द्र राय यादवको अविवाहित अवस्थामै आफ्नो कालगतिले मृत्यु भई शेषपछिको हकखाने छोरीहरु कैलासी देवी यादव र जिरवा देवी रहेकोमा जेठी छोरी कैलासी देवी यादवको विवाह सामाजिक परम्पराअनुसार जि.बारा साबिक गा.वि.स. नरही वार्ड नं. ४ हाल करैयामाई गा.पा. वार्ड नं. ८ मा बस्ने कामेश्वर राउत अहिरसंग भई वैवाहिक जीवन यापन गरिरहेको, कान्छी छोरी जिरवा देवीको विवाह जि.रौ.साबिक गा.वि.स. सीतलपुर बैरगनिया ५ हाल फतुवाविजयपुर न.पा. वार्ड नं. १ मा बस्ने राजेन्द्र राय संग भई वैवाहिक जीवन यापन गरिरहेकोमा मरुवा जिम्दार राय यादवको शेषपछिको हक खाने २ वटी छोरी कैलासी देवी यादव र कान्छी छोरी जिरवा देवी रहेकोमा मरुवा जिम्दार राय यादवको नामदर्ताको माथि उल्लेखित जग्गाहरु कैलासी देवी यादव र जिरवा देवीको संयुक्त नाममा नामसारी गरिदिन लेखि आएकोमा उक्त जग्गा मा गर्नेको सो जग्गामा निज निवेदिकाहरुको हक पुग्छ कि पुग्दैन ? कि सो बाहेक अरु कोही हकदार छ वा छैन ? उक्त जग्गा हाल क-कसको हकभोगमा रहेको छ ? निवेदिकाहरु र मृतकबिच के नाता सम्बन्ध रहेको छ ? निज ज.ध.को कति जना छोराछोरी छन् ? उक्त जग्गाको अरु कोही हकदार रहेको छ वा छैन ? मागअनुसार नामसारी गरी दिएमा कुनै किसिमले कसैलाई फरक पर्छ वा पर्दैनन् ? फरक पर्ने भए यस कार्यालयबाट प्रकाशित सूचनाको ३५ दिनभित्र बाटोको म्याद बाहेक स-प्रमाण सहित यस कार्यालयमा उपस्थित हुन आउनुहोला अन्यथा कानून बमोजिम भई जानेछ।

# मधेश र कर्णालीका बालबालिकाको सुझाव



**टुडे समाचारदाता**

जनकपुरधाम। देशका विभिन्न ठाउँबाटभेलाभएकाबालबालिकाहरूले शिक्षा विधेयकबारे शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईलाई उनीहरुले सुझाव दिएका छन्।

मधेश प्रदेशको सर्लाही, सप्तरी र महोत्तरी तथा कर्णाली प्रदेशको जाजरकोट, दैलेख, कालीकोटलगायतका जिल्लाका बालबालिकाहरूले आफ्ना समस्या र मागहरूलाई विधेयकमा समावेश गर्न सुझाव दिएका छन्।

सुरक्षित शिक्षण वातावरण, समावेशी शिक्षा, शिक्षक र शैक्षिक प्रणाली सुधार, सामाजिक चुनौती समाधान, बालविवाह, लैङ्गिक असमानता र अभिभावकको जागरूकता अभियानलगायतका विषयहरु बालबालिकाले उठाएका छन्।

बालबालिकाले उठाएका मुद्दाबारे मन्त्री भट्टराईले बालबालिकाको सुझावलाई 'भविष्यको नभएर वर्तमानको आवश्यकता' बताउँदै यी मुद्दाहरू विधेयकमा समेट्ने प्रतिबद्धता व्यक्त गरिन्।

उनले केही सुझाव पहिले नै विधेयकमा समावेश भएको र बाँकीमा मन्त्रालयले गम्भीरताका साथ लिने जानकारी दिइन्।

त्यस्तै शिक्षकद्वारा विद्यार्थीमाथि हुने गरेको उत्पीडन लुकाउने चलन रोकी कानुनी कारबाही गर्ने, बालमैत्री र सिकाइमैत्री विद्यालय स्थापनाका लागि स्थानीय तह र अन्य मन्त्रालयसँग समन्वय बढाउने र विद्यार्थी-मैत्री शिक्षा नीति बनाउने साथै शिक्षा नीति निर्माणमा बालबालिकाको आवाजलाई प्राथमिकता दिइने र मन्त्रालयले यी सुझावलाई विधेयकमा समेटेर सुरक्षित, समावेशी र गुणस्तरीय शिक्षा प्रणाली निर्माण गर्ने आफू लागिपरेको उनले बताइन्।

# मधेशकेन्द्रित दलको स्वार्थका कारण विभेद कायमै

"२०४६ मा आन्दोलन गरेर जनताको नाममा राजा राख्ने कांग्रेस र कम्युनिस्टहरूको आज पनि मानसिकता उस्तै छ। तिनले संविधानको रक्षा होइन, कब्जा गर्ने काम गरेका छन्,"

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश केन्द्रित दलहरुले सात दलीय मोर्चा गठन गरी केही मधेशवादी दललाई बेवास्ता गरपछि उनीहरुले छुट्टै मोर्चा गठन गरेका छन्।

शनिबार जनकपुरधाममा नेपाल संघीय समाजवादी पार्टी, बहुजन एकता पार्टी नेपाल, नेपाल सद्भावना पार्टी र नेपाल जनजागृति पार्टीको संयुक्त आयोजनामा भएको अन्तरक्रिया कार्यक्रमले मधेशको राजनीतिक भावनामा जमेर बसेको असन्तोषलाई विस्फोटको रुपमा उजागर भएको वक्ताहरुले जोड दिए।

सो अन्तरक्रियामा विगत ३ दशकदेखि पटक-पटक आन्दोलनमा सहभागी भएर पनि अधिकारविहीन बनेका मधेशी जनताको तिक्त अनुभवको सामूहिक प्रस्तुति देखिएको थियो। सत्ताका दलालहरू, कथित मधेशवादीहरू, यथास्थितिवादीहरू र संविधानलाई कागज बनाउनेहरू सबैजना ती भाषणहरूमा कठघरामा रहेको नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष रिजवान अन्सारीले बताए।

नेपाल संघीय समाजवादी पार्टीका अध्यक्ष अन्सारीले भने, 'संविधान, गणतन्त्र र संघीयता कुनै दान होइन, यो हामीले हाम्रो रगतबाट खरिद गरेका हौं।'

पूर्वराजा ज्ञानेन्द्रप्रति कटाक्ष गर्दै उनले भने, 'यो देशको संविधान मेट्न खोज्ने पूर्वराजाले जनताको बलिदानलाई उपहास गरिरहेका छन्। तर, जनताले जुन दिन उठ्ने निर्णय गर्छ, त्यो दिन उनीहरूको सपना होइन, अस्तित्व नै मेटिनेछ।'



उनको भाषणमा केवल पूर्वराजा मात्र नभइ वर्तमान सत्ता प्रणालीप्रति पनि गहिरो असन्तुष्टि थियो। '२०४६ मा आन्दोलन गरेर जनताको नाममा राजा राख्ने कांग्रेस र कम्युनिस्टहरूको आज पनि मानसिकता उस्तै छ। तिनले संविधानको रक्षा होइन, कब्जा गर्ने काम गरेका छन्,' उनले भने।

नेपाल जनजागृति पार्टीका अध्यक्ष ध्रुव प्रसाद निसादले २ सयभन्दा बढी शहीदको रगत के उपेन्द्र यादव मन्त्री बनुन् भनेर बगाइएको थियो भन्दै प्रश्न गरे। उनले मधेश आन्दोलनको इतिहासमै गम्भीर प्रश्न उठाए। 'शहीदहरूको रगत सुक्न नपाउँदै सरकारमा जानु, मन्त्री बन्नु, अनि सत्तासँग घुलमेल हुनु – यसले मधेशी जनताको सपना झनै चकनाचुर बनाएको छ,' उनले कटाक्ष गरे।

निसादले अघि थप्दैं भने, 'कथित मधेशवादीहरू सधैं सत्ताका सह-भोजी बने। मधेशको नाममा उनीहरूले आ-आफ्ना पेट भरे। तर, मधेश अझै रित्तै छ।'

नेपाल सद्भावना पार्टीका अध्यक्ष रामकुमार महतोले पूर्वराजा ज्ञानेन्द्रमाथि कारबाहीको माग गरे। 'संविधान विपरीत अभिव्यक्ति दिइरहेका पूर्वराजा ज्ञानेन्द्र अब कानुनी दायरामा आउनैपर्छ,' उनले चेतावनी दिए।

उनको आक्रोश सत्तारूढ दलहरूप्रति पनि उत्तिकै थियो। 'उनीहरूले मधेशी जनतालाई केवल भोट बैंकको रूपमा हेरे। प्रतिनिधित्वको कुरा गर्दा बोर्डर मुनि जन्मिएका नागरिकलाई सधैं दोस्रो दर्जामा राखियो। यस्तो व्यवहार अब सह्य छैन,' महतोले भने।

सो कार्यक्रमको समापनमा आयोजक दलहरूले नयाँ राजनीतिक संरचना संघीय गणतान्त्रिक गठबन्धन घोषणा गर्ने निर्णय सुनाए। यस गठबन्धनको औपचारिक घोषणा बैशाख ४ गते पत्रकार सम्मेलन मार्फत गरिनेछ। जेठ १५ गते जनकपुरधाममा विशाल घोषणा सभा आयोजना गरिने बताइएको छ।

नेताहरूले भने, 'अब हाम्रो सहमतिविना न देश चल्न सक्छ, न मधेश। हामीलाई प्रतिनिधित्व छैन भने तपाईंहरूलाई वैधता छैन।'

संघीय गणतान्त्रिक गठबन्धनले पहिलो चरणमा देशका १८ जिल्लामा जनजागरण अभियान सञ्चालन गर्ने तयारी गरिरहेको छ। अभियानको मूल नारा छ–'भोट हमारा और राज तुम्हारा - अब चल्दैंन।'

सो कार्यक्रममा पूर्वमन्त्री बिमला अन्सारीले भनिन्, 'हामीलाई कुर्सी होइन, हाम्रो पहिचानको सम्मान चाहिएको हो। हामी शासन खोजिरहेका छैनौं, हामी अपमानको अन्त्य खोजिरहेका छौं।'

उनले महिलाको प्रतिनिधित्व, दलित समुदायको सहभागिता र मुस्लिम समुदायको अधिकार सुनिश्चित गर्न मधेशमा वैकल्पिक राजनीतिक शक्ति आवश्यक रहेको बताइन्।

# वन फडानी गरेर खेतीयोग्य जमिन बनाउने कार्य तीव्र



**टुडे समाचारदाता**

रौतहट। वन फडानी गरी खेतीयोग्य जमिन बनाउने कार्य तीव्र रुपमा मौलाउँदै गएको छ।

रौतहटमा बहुमूल्य प्रजाती खयर जातका रुखहरु धमाधम मासिँदै गएका छन्। खेतीयोग्य जमिन बनाउन अवैध रूपमा खयरको रुख कटान गर्ने क्रम बढ्दै गएको भएपनि डिभिजन वन कार्यालय मौन बसेको छ।

वृन्दावन सब डिभिजन वन कार्यालयको वन क्षेत्रमा खयरका रुख मासेर खेतीयोग्य जमिन बनाउने क्रम तीव्र रुपमा बढिरहेको स्थानीयले बताउदै आइरहेपनी जिम्मेवार निकाय मुकदर्शक बनेर बसेको आरोप रहेको छ।

डिभिजन वन कार्यालयको उदासीनताका कारण बागमती नदीद्वारा वन अधिग्रहित भू-भागमा रौतहटको मात्र नभई काभ्रे, मकवानपुर, सिन्धुली लगायत विभिन्न जिल्लाबाट आएका व्यक्तिहरुले हजारौं हेक्टर बगर क्षेत्र अतिक्रमण गरेका छन्।

स्थानीय श्याम पटेलले दिनभर १० भन्दा बढी ट्र्याक्टरहरु बगरमा सञ्चालन हुने गरेका बताए। उनले वन कार्यालयलाई पटक-पटक जानकारी गराउँदा पनि कुनै कारबाही नभएको गुनासो गरे। उनले भने, 'वन कर्मचारीकै मिलेमतोमा खयरको रुख मास्ने कार्य भइरहेको छ, बारम्बार कार्यालयलाई जानकारी गराउँदा समेत केही सुनुवाइ भएको छैन,' पटेलले भने।' खेतीयोग्य जमिन बनाउन कटान गरिएको खयरको रुख समेत बगरबाटै गायब हुने गरेको छ। स्थानीय सुरेश पटेलका अनुसार बगर फँडानी गर्नेहरुले सुरुमा तल झरेको झारपातमा आगो लगाउने र त्यसपछि खयरका रुखहरु फाँडेर खेतीयोग्य जमिन बनाउने गरेका छन्। प्रत्येक वर्ष १०० बिघाभन्दा बढी क्षेत्रफललाई खेतीयोग्य जमिन बनाइँदै आएको भएपनी डिभिजन वन कार्यालय, रौतहटका प्रमुख हेमन्तप्रसाद साह वन कर्मचारीको संलग्नता नरहेको बताउँछन्। वन कार्यालय एक्लैले बगर संरक्षण गर्न नसक्ने भन्दै स्थानीय तहको सहयोग आवश्यक रहेको प्रमुख साहले बताए।

# चरेससहित एक जना पक्राउ

**टुडे समाचारदाता**

बारा। ठूलो परिमाणमा लागूऔषध चरेससहित बारा प्रहरीले एक जनालाई पक्राउ गरेको छ। जिल्लाको जीतपुर सिमरा उपमहानगरपालिका-२१ बाट ११.६८ किलो लागूऔषध चरेससहित एक जनालाई पक्राउ गरेको प्रहरीले जनाएको छ।

बारा प्रहरीले मोटरसाइकल र लागूऔषध चरेससहित मकवानपुरको थाहा नगरपालिका-६ का ३८ वर्षीय दशरथ थिङलाई नियन्त्रणमा लिएको छ। इलाका प्रहरी कार्यालय अमलेखगञ्जबाट प्रहरी नायब निरीक्षक टेकबहादुर कार्कीको कमाण्डमा खटिएको टोलीले विशेष सूचनाका आधारमा जाँच गर्दा मोटरसाइकलबाट ठूलो परिमाणमा चरेस बरामद भएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

हेटौंडाबाट वीरगञ्जतर्फ आउँदै गरेको बा ४८ प ९३३ नम्बरको १५० सिसीको पल्सर मोटरसाइकललाई रोकेर जाँच गर्दा सिटमुनि लुकाइछिपाइ राखिएको अवस्थामा चरेस जस्तो देखिने पदार्थ फेला परेको बारा प्रहरीले जनाएको छ। तौल गर्दा प्लास्टिक सहित उक्त लागूऔषधको तौल ११.६८ किलो रहेको पुष्टि भएको जनाएको छ।




पक्राउ परेका थिङलाई नियन्त्रणमा लिई आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको बारा प्रहरीले जनाएको छ।

# आँखा पोल्ने समस्या बढ्दो



**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषालगायत मधेशमा आँखा पोल्ने समस्याले सर्वसाधारण प्रभावित भएका छन्। वायु प्रदूषणका कारण सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाहीलगायतका विभिन्न स्थानमा आँखा पोल्ने समस्या देखिएको छ।

हावाहुरी र गर्मीयामका कारणले गर्दा पैदल यात्रु गर्ने र वनजंगल क्षेत्रमा बसोबास गर्नेहरु सर्वसाधारणलाई पनि आँखा पोल्ने समस्याले हैरान भएका छन्।

धनुषाको ढल्केवरका रामकुमार महतोले वन क्षेत्रमा भइरहेको डढेलोको धुँवा फैलिएर आँखा पोल्ने समस्या देखिएको बताए। उनले विगत तीन दिनदेखि यस्तो समस्या रहेको जानकारी दिए। आँखा पोल्ने समस्याका कारणले पनि अहिले जानकी आँखा अस्पताल जनकपुरधाममा आँखा चेकजाँच गराउनेको लर्को लाग्ने गरेको छ।

यता डिभिजन वन कार्यालय धनुषाका प्रमुख विनोद सिंहले धनुषाको वन क्षेत्रमा डढेलो नलागेको बताए। उनले केही दिनअघि छिमेकी जिल्ला महोत्तरी र सर्लाहीका वन क्षेत्रमा लागेको डढेलोको असर यता देखिएको हुनसक्ने जानकारी दिए।

चिकित्सक सञ्जय यादवले वायु प्रदूषणका कारण आँखा पोल्ने तथा श्वासप्रश्वासका बिरामी बढेको बताए। उनले बालबालिका र वृद्धवृद्धा यो समस्याबाट बढी ग्रसित देखिएको बताउनुहुँदै सर्वसाधारणलाई सतर्कता अपनाउन सुझाए।

उनले आँखा पिरो हुने, पोल्ने समस्या कम गर्न पानीले नियमित आँखा सफा गर्नुपर्ने बताए। डढेलोका कारण सूक्ष्मकण र विषालु ग्यास उत्सर्जन हुने भएकाले यसबाट बच्न अत्यावश्यक कामबाहेक बाहिर ननिस्कन र अनिवार्य मास्क र चस्माको प्रयोग गर्न चिकित्सक यादवको भनाइ छ।




## रौतहट प्रिमियर लिगः

# अनिल साह गरुडा टिमको लागी खेल्ने

**टुडे समाचारदाता**

रौतहट। नेपाल क्रिकेट टिमका पूर्व सदस्य तथा नेपाल प्रिमियर लिग (एन पी एल) को पहिलो संस्करण प्रतियोगिताको विजेता टिम जनकपुर बोल्ट्सका कप्तान अनिल साहलगायतका खेलाडीहरु गरुडा टिमको लागी खेल्ने भएका छन्।

जिल्लाको गौरस्थित राइसमिलको मैदानमा यही चैत २६ गतेदेखि सुरु हुन लागेको रौतहट प्रिमियर लिग (आरपीएल) क्रिकेट प्रतियोगितामा जनकपुर बोल्टसका कप्तान अनिल साह लगायतका खेलाडीहरु गरुडा टिमका लागि खेल्ने सहमती भएको छ।

रौतहटको मध्यभाग गरुडा स्थित शनिबार भएको छलफलमा बोल्ट्सका कप्तान अनिल साह, रबि साह, तिर्थराज, भुलावन सहनी र अरनिको यादव तराई टाइगर गरुडा क्रिकेट टिममा आबद्ध भएर खेल्ने सहमती भएको थियो।



दुइ पक्षिय सहमती पछी गरुडा स्थित एक बिशेष कार्यक्रमको आयोजना गरी खेलाडीहरुलाई भव्य स्वागत गरिएको थियो।

गरुडा टिमका मालिक जयसवाल ट्रेडिङ कनसर्नका प्रोप्राइटर शैलेश जयसवाल र ओम ब्रुअरी प्रालिका प्रोप्राइटर आकाश प्रकाश जयसवाल लगायतले खेलाडीहरु लाई फूलको माला र खादा ओढाएर सम्मान गरेका थिए।

यस पटकको रौतहट प्रिमियर लिगको टाइटल स्पोन्सर ओम ब्रुअरी प्रा. लि. रहेको छ भने प्रतियोगितालाई पशुपति ट्रेड लिंक (श्याम जेनरल सप्लायर्स, गरुडाका प्रोप्राइटर राम बचन साह, सारस ब्रेब्बेज प्रा. लि. (रेडबुल), ओम इन्टरप्राइजेज, गरुडाका प्रोप्राइटर उमाशंकर जयसवाल, जान्वी मानवी कोल्ड स्टोर, गरुडाका प्रोप्राइटर अशोक चौधरी र नमस्ते डेण्टल क्लिनिक, गरुडाका डाक्टर रजनेश चौधरी प्रमुख प्रायोजकका रूपमा रहेका छन्।

रौतहट प्रिमियर लिगको आयोजनाले स्थानीय युवा खेलाडीहरूलाई प्रोत्साहन गर्नुका साथै राष्ट्रिय खेलाडीहरूका साथ खेल्ने अवसर दिलाउने उद्देश्य रहेको आयोजकले जनाएको छ।

प्रतियोगितामा जिल्लाको १८ वटै पालिकाका क्रिकेट टिमहरू बीच प्रतिस्पर्धा हुने छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८